मजदुर
The Worker Daily दैनिक
❍ ग्राहक बन्नु परेमा
❍ नवीकरण गर्नु परेमा
❍ पत्रिका नियमित नआएमा
❍ वितरकहरूसँग नगदी रसिद
बिना कारोबार नगरिदिनुहोला ।
मजदुर दैनिक
नगाँचा, कमलविनायक, भक्तपुर
लक्ष्मण तचामो
मो.नं. ९८०३६८७३२३



भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६

भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर
The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com





विज्ञापनको निम्ति सम्पर्क
फोन नं ६६१९१०७
६६२०५५९



वर्ष : २६ ★ अङ्क : ९६ ★ ने. सं. ११४४ चौला गा, चतुर्थी ★ आइतबार ★ १६ वैशाख, २०८१ ★ April 28, 2024, Sunday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८


## "पार्टी कार्यकर्ताहरू आलोचना र आत्मालोचनाबाट खारिनुपर्छ"




भक्तपुर, १५ वैशाख । नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले कम्युनिस्टहरू मरेपछि स्वर्ग जाने इच्छा पाल्दैनन् बरु देश र समाजलाई नै 'स्वर्ग' बनाउने अभियानमा लाग्छन् भन्नुभयो ।

भक्तपुर नगरपालिकाका जनप्रतिनिधिहरूबिच शनिबार सम्पन्न पारिवारिक भेटघाट तथा मार्गनिर्देशन कार्यक्रममा अध्यक्ष बिजुक्छेँले जनप्रतिनिधिहरू व्यक्तिगत स्वार्थभन्दा टाढा बसेर जनताको हितमा इमानदारीपूर्वक लाग्नुपर्नेमा जोड दिनुभयो । उहाँले जनप्रतिनिधिहरू पार्टी कार्यकर्ता भएकाले पार्टीको सिद्धान्त र विचार बुझ्न पार्टी प्रकाशनहरूको नियमित अध्ययन गरी जनतालाई सचेत पार्न निर्देशन दिँदै आलोचना र आत्मालोचनाबाट खारिनुपर्ने बताउनुभयो । उहाँले भन्नुभयो, "हरेक विषयमा पार्टीमा छलफल गर्ने र काम गरेपछि समीक्षा गर्ने बानी बसाल्नुपर्छ, आलोचना गर्नेभन्दा तारिफ गर्नेहरूबाट सचेत बन्नुपर्छ ।"

पार्टीका अग्रज नेता कार्यकर्ताहरूले गरेका सङ्घर्ष र योगदान खेर नगएको उल्लेख गर्दै उहाँले परिवारका सदस्य र नयाँ पुस्तालाई क्रान्तिकारी र देशभक्त बनाउन जनप्रतिनिधिहरूले भूमिका खेल्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

अध्यक्ष बिजुक्छेँले जनभावनाबमोजिम कार्य गर्दा कसैलाई अनावश्यक दुःख नदिन निर्देशन दिनुभयो । "सबैलाई खुसी पार्नुपर्छ भनी गलत काम भने कदापि गर्नुहुन्न", उहाँले भन्नुभयो ।

भनपाका नगर प्रमुख सुनिल प्रजापतिले जनप्रतिनिधिहरू जनताको मालिक नभई सेवक भएको उल्लेख गर्दै जनताको आदर्श व्यक्ति बन्न त्याग, समर्पण र लगन आवश्यक भएको बताउनुभयो । उहाँले भक्तपुरको आर्थिक, सामाजिक र सांस्कृतिक परिवर्तनमा अग्रज पार्टी कार्यकर्ताहरूको दुःख कष्ट रहेको स्मरण गर्दै पार्टीको नीति र निर्देशनलाई अक्षरशः पालना गर्नुपर्नेमा जोड दिनुभयो ।

साम्राज्यवादविरोधी कोरियाली युद्धका बेला क्रान्तिकारी नेतृ किम जङ सुकले गरेको सङ्घर्षबारे चर्चा गर्दै प्रमुख प्रजापतिले जनप्रतिनिधिहरूको हरेक सफलतामा परिवारका सदस्यहरूको साथ रहने बताउनुभयो ।

वाग्मती प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाईंले शासक दलका नेता कार्यकर्ताहरूले मन्त्री र सांसद बनेर व्यक्तिगत स्वार्थ पूरा गर्न नै आफ्नो अन्तिम उद्देश्य बनाउने उल्लेख गर्दै भ्रष्टाचार र अपराधले गाँजिएको समाजलाई स्वच्छ बनाउन जनप्रतिनिधिहरूले मेहनत गर्नुपर्नेमा जोड दिनुभयो । उहाँले वडामा रहेका विद्यालय र कलेजमा अध्ययनरत विद्यार्थीहरूमाझ जनप्रतिनिधिहरू पुग्न सुझाव दिँदै नयाँ पुस्तालाई समाजप्रति उत्तरदायी बनाउन लाग्नुपर्ने बताउनुभयो ।


**बाँकी पृष्ठ २ मा**


## सहरकेन्द्रित आन्दोलनले मात्र गरिबको हित नहुने हुँदा गाउँ गाउँबाट जनता उठाउनु जरुरी

भक्तपुर १५, वैशाख । नेपाल क्रान्तिकारी युवा सङ्घ सूर्यविनायक नगर समितिको तेस्रो नगर सम्मेलन प्रचारार्थ शनिबार कटुन्जेमा 'रुसको डिसेम्बर विद्रोह' पुस्तकको अन्तरक्रिया सम्पन्न भयो ।

उक्त कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका सचिव एवम् सांसद प्रेम सुवालले भन्नुभयो, "रुसमा प्लेग रोगको महामारी फैलिएपछि जमिन जोत्ने मानिसको कमी भयो । तत्पश्चात् रुसमा भूदास प्रथाको सुरुआत भएको हो । रुसका सामन्तहरूले जमिनमा पसिना बगाउने भूदासहरूको चरम शोषण गर्थे । यही शोषणको अन्त्य गर्न सन् १८२५ डिसेम्बर २६ मा २० देखि ३० वर्षसम्मका रुसी सेनाका छोराछोरीहरूले जारविरुद्ध विद्रोह गरेका थिए ।"

"युरोपमा भएको सामन्तवादविरोधी आन्दोलन र विकासबाट प्रभावित डिसेम्बरवादी विद्रोहीहरूले रुसमा पनि प्रजातन्त्रको निम्ति सङ्घर्ष गरे । तर, व्यापक जनतालाई सचेत र सङ्गठित नगरेसम्म क्रान्ति र विद्रोह सफल नहुने शिक्षा डिसेम्बर विद्रोहबाट सिक्न सकिन्छ ।" सांसद सुवालले भन्नुभयो ।

उहाँले भन्नुभयो, "शासक दलहरू सिंहदरबार कब्जा गर्न सहरकेन्द्रित आन्दोलन गर्छन् । सहरमा मात्रै आन्दोलन गरेर गरिबको हित हुँदैन । नेपाल मजदुर किसान पार्टीले नागरिकता विधेयक, एमसीसी, इजरायली फासीवादले प्यालेस्टिनी जनतामाथि गरेको अत्याचारका विरोधमा नेपालको ४० भन्दा बढी जिल्लामा जुलुस तथा सभा गरेर जनतालाई सचेत पार्ने काम गर्‍यो ।"

सांसद सुवालले अमेरिकाको हतियार बोकेर इजरायली सेनाले प्यालेस्टिनको अस्पतालमा आक्रमण गरी युद्धको नियम उल्लङ्घन गरेको उल्लेख गर्दै नेपाल मजदुर किसान पार्टीले मात्र प्यालेस्टिनी जनताको पक्षमा नेपाली जनतालाई उठाउन प्रदर्शन तथा सभाहरू गरेको बताउनुभयो ।

उद्योगको विकासले दुईवटा वर्ग जन्मिने उल्लेख गर्दै सांसद सुवालले भन्नुभयो, "मार्क्स एङ्गेल्सले मजदुरवर्गलाई उठाएर पुँजीवादी व्यवस्थाको अन्त्य गर्न सिकाएको हुँदा युवाहरूले शोषितपीडित जनतामाझ गएर सङ्गठन गरी क्रान्तिको निम्ति लड्न तयार पार्नु जरुरी रहेको बताउनुभयो ।


**बाँकी पृष्ठ ८ मा**


## पुँजीवादले मानिसलाई मानिसको रूपमा हेर्दैन




वीरेन्द्रनगर, १५ वैशाख । १३५ औँ अन्तर्राष्ट्रिय मजदुर दिवसको अवसरमा शनिबार वीरेन्द्रनगरमा नेपाल मजदुर किसान पार्टी सुर्खेत जिल्ला समितिले कार्यकर्ता प्रशिक्षण कार्यक्रम सम्पन्न गर्‍यो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवम् कर्णाली प्रदेशका संयोजक सरोजराज गोसाईंले मजदुर आन्दोलनबाट नै ८ घण्टा काम गर्ने बन्दोबस्त गरेको बताउनुभयो ।

नाफाको लागि उत्पादन गर्ने पुँजीवादी व्यवस्थाले मानिसलाई मानिसको रूपमा नभई वस्तुको रूपमा किनबेचको परिपाटी बसालेको चर्चा गर्दै संयोजक गोसाईंले मानिस वस्तु हुन सक्दैन, मानिस स्वतन्त्ररूपमा बाँच्न चाहन्छ भन्नुभयो ।

शासकहरूले युगौँदेखि गर्दै आएको अन्याय, अत्याचार र शोषणलाई स्वाभाविक मान्ने चेतनाले विद्रोह गर्न नसक्ने उल्लेख गर्दै संयोजक गोसाईंले समाजमा आमूल परिवर्तन ल्याउन व्यापक कामदार जनतालाई राजनीतिक र सैद्धान्तिकरूपमा सचेत बनाउनु जरुरी छ भन्नुभयो ।

नेपालमा कामदारवर्गको पक्षमा श्रम ऐन बन्न नसकेको उल्लेख गर्दै संयोजक गोसाईंले मौजुदा श्रम ऐनमा भएका सीमित मजदुरहरूको अधिकारलाई पनि कार्यान्वयनमा ल्याएको छैन भन्नुभयो । आफ्नो पेसागत हितको पक्षमा मात्र बोल्ने ट्रेड युनियनवादले


**बाँकी पृष्ठ ८ मा**


## छिकोङ प्रशिक्षार्थीहरूको कार्यक्रममा स्वास्थ्यबारे चर्चा

भक्तपुर, १५ वैशाख । भक्तपुर नगरपालिका वडा नं. ६ छिकोङ प्रशिक्षणको आयोजनामा शनिबार दक्षिणकालीमा एक कार्यक्रम भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका सचिव एवं सङ्घीय सांसद प्रेम सुवालले आफ्नो जिल्ला र ठाउँभन्दा टाढा वनभोज वा अन्य कार्यक्रममा पुग्नुको अर्थ त्यहाँको भूगोल र संस्कृतिको अध्ययन गर्नु पनि हो भन्नुभयो ।

मानिसलाई ८ घण्टा काम, ८ घण्टा मनोरञ्जन (व्यायाम) र ८ घण्टा आराम (निद्रा) को व्यवस्था हुने जरूरी रहेको आवश्यकता औँल्याउँदै सांसद सुवालले यस्तो व्यवस्था समाजवादी व्यवस्थामा मात्र सम्भव हुने र पुँजीवादी व्यवस्था सम्भव नहुने बताउनुभयो ।

उहाँले भन्नुभयो, "भारतका रामदेवले आफ्नो योग अभ्यासबाट क्यान्सर र छारेरोगसमेत ठीक हुने दाबी गरे । उनले 'आधुनिक औषधि खराब', डाक्टरले दिएको औषधिले राम्रो गर्दैन 'उच्च रक्तचाप, मधुमेह या क्यान्सर सबैका लागि पतञ्जलीका औषधि प्रभावकारी छन्' भनेर प्रचार गरेको हुँदा दुई वर्षअघि भारतमा डाक्टरहरूले रामदेवविरूद्ध अदालतमा मुद्दा दिएको र रामदेवले अदालतसमक्ष माफी मागेको समाचार प्रकाशित भयो ।"

"रामदेव योग सिकाउँदै नेपालविरूद्ध बोल्ने भारतीयमध्ये एक हुन् । यसरी नै ठगी गरेका भारतको 'निरज क्लिनिक' का डाक्टरलाई पक्राउ गरिएको थियो । भारतीय एकाधिकार पुँजी र विस्तारवाद रामदेवको योगमार्फत पनि नेपालमा घुसपैठ भइरहेका छन्, सार्वभौम नेपाली जनता सचेत हुनु जरूरी छ", सांसद सुवालले भन्नुभयो ।

उहाँले भन्नुभयो, "मानिस स्वस्थ रहन प्याकेजिङ गरिएका तयारी खाद्यान्न उपभोग गर्नु हुँदैन । वाईवाई चाउचाउलगायत कतिपय तयारी खानेकुरामा म्याद नाघेको मैदा र अण्डा प्रयोग गरिन्छ । २०६४ सालमा एमालेबाट संविधानसभा सदस्य भएका र २०७४ र २०७९ मा नेकाबाट सांसद भएका विनोद चौधरीको वाइवाइ चाउचाउ खराब हुँदै काठमाडौँ महानगरपालिकाले जरिवाना गरेको छ । तर, त्यही चाउचाउ कम्पनीको शेयर निष्काशन गरी जनतालाई समेत मुछ्ने प्रयास भइरहेको छ । यसतर्फ पनि जनता सचेत हुनु आवश्यक छ ।"

स्वास्थ्य विषय अध्येताहरूले चिसो पेय पदार्थ कोक, फान्टा, ड्यु पिउन नहुने, मादक पदार्थ बियर रक्सी पनि खान नहुनेतर्फ जनतालाई सचेत गराउँदै आएको सांसद सुवालले बताउनुभयो ।

उहाँले भन्नुभयो, "शारीरिक अभ्यासले रोग प्रतिरोध क्षमता बढाउने हो, चिरफार गर्नुपर्ने बिरामीको रोग निको गर्दैन ।

छिकोङ व्यायाम सहयोग समिति भनपा ६ का संयोजक जगनाथ सुजखूको संयोजनमा भएको उक्त कार्यक्रममा गोपीकृष्ण चाँगुभारी र सानुमाया बजिकोले पनि बोल्नुभएको थियो । पुनम दुवालले छिकोङसम्बन्धी गीत प्रस्तुत गर्नुभएको थियो ।




**मतदान गर्दै**

इलाम-२ मा प्रतिनिधिसभा सदस्य उपनिर्वाचनको लागि माङसेबुङ गाउँपालिका-३ स्थित जनकल्याण आधारभूत विद्यालय मतदान केन्द्रमा मतदान गर्दै वृद्धा ज्येष्ठ नागरिक । तस्बिर : रामकुमार लिम्बू/रासस

# काभ्रेमा अन्तरक्रिया कार्यक्रम

भक्तपुर, १५ वैशाख । नेपाल क्रान्तिकारी युवा सङ्घ काभ्रेको अगुवाइमा बनेपामा नेमकिपाबाट प्रकाशित प्रकाशनहरूबारे शनिबार अन्तरक्रिया कार्यक्रम भयो ।

उक्त कार्यक्रममा नेमकिपाका केन्द्रीय वैकल्पिक सदस्य एनबी श्रेष्ठले दुई सय वर्ष पहिले रुसमा निरङ्कुश खानदानवर्गविरुद्ध खानदानवर्गकै युवा सैनिक अफिसरहरूले सैनिक विद्रोह गरी सत्ता पल्टाई देशमा निरङ्कुश जारको अन्त्य गरी भूदास प्रथा अन्त्य गर्ने प्रयास गरेको उल्लेख गर्नुभयो ।

उहाँले भन्नुभयो, “जारको स्वेच्छाचारिता र सामन्ती भूदास प्रथा नै रुसी पछौटेपनको मुख्य आधार हो भन्नेमा पश्चिम युरोपमा अध्ययन गरेका रुसी सामन्त, सम्भ्रान्त, कुलीनवर्गका सन्तान सैनिक अफिसर युवाहरूलाई थाहा भयो । यसैले जारको हत्या गरी भूदास मुक्ति गर्ने र रुसलाई अगाडि बढाउने उद्देश्य ती युवाहरूको थियो ।”

उहाँले रुसको डिसेम्बर विद्रोह’ पुस्तक अध्ययन गरेर युवाहरूमा देश र जनताको सेवा गर्ने भावना जागृत हुन्छ भन्नुभयो ।

नेमकिपा काभ्रेका सल्लाहकार हरिप्रसाद मानन्धरले अध्ययन र अन्तरक्रियाले मानिसको विचार फराकिलो हुने भएकोले अध्ययन र अन्तरक्रिया निरन्तरताको आवश्यकता छ भन्नुभयो ।

नेमकिपा काभ्रेका सदस्य सत्यनारायण श्रेष्ठले नेमकिपाद्वारा प्रकाशित प्रकाशनहरूले नेपालीहरूलाई देशभक्त बन्न र सही बाटो समात्न मद्दत मिल्छ भन्नुभयो ।

नेक्रायुसङ्घ काभ्रेका अध्यक्ष ओम मानन्धरले पुँजीवादी व्यवस्थामा युवाहरूलाई गलत बाटोमा लगाउन सरकार लागिपर्ने भएकोले युवाहरूलाई सही बाटो देखाउने कार्य हामीले निरन्तर गरिरहन आवश्यक छ भन्नुभयो ।

# कान्तिलोकपथ  दैनिक तीन घण्टा खुल्ने

पाटन (ललितपुर), १५ वैशाख ( रासस) । कान्तिलोकपथ दैनिक तीन घण्टा मात्र खुल्ने भएको छ । मर्मतका लागि ४५ दिनदेखि बन्द रहेको यो बाटो काम पूरा नभएकाले तीन घण्टा मात्र खोलिएको हो ।

“मर्मतसम्भारका लागि काल्चेदेखि बगुवाखण्डसम्म चैत १ गतेदेखि बन्द गरिएको सडक अहिलेलाई बिहान ९ बजेदेखि १२ बजेसम्म ३ घण्टा सवारी साधनका लागि खुला रहने छ । मर्मतको काम जारी छ । अब दुई ‘सिफ्ट’मा काम गरेर शीघ्र सम्पन्न गर्ने लक्ष्य छ”, आगामी जेठ १५ गतेसम्म बाटो तीनघण्टासम्म खुल्ने जानकारी दिँदै कान्तिलोकपथ आयोजनका इन्जिनियर रवीन्द्र महर्जनले भन्नुभयो ।

ललितपुरका प्रमुख जिल्ला अधिकारी तुलसीबहादुर श्रेष्ठको अध्यक्षतामा बिहीबार भएको बैठकले बिहान ६ बजेदेखि ९ बजेसम्म र मध्याह्न १२ बजेदेखि अपराह्न ६ बजेसम्म दुई सिफ्टमा काम गर्ने निर्णय गरेको हो । बैठकले उक्त सडकमा ६ चक्के र त्यसभन्दा बढी पाङ्ग्रा भएका मालबाहक सवारी सञ्चालनमा पूर्णरूपमा रोक लगाउने निर्णय गरेको छ ।

“यो सडक खण्ड एक दशमलव पाँच किलोमिटर चौडा गर्न लागिएको हो । सडकमाथिका चट्टान काट्न बाँकी रहकोले उक्त निर्णय भएको हो ।”, इन्जिनियर महर्जनले भन्नुभयो ।

यो सडक ६७ वर्षदेखि निर्माणाधीन छ । हेटौँडाको बुद्धचोकदेखि ललितपुरको सातदोबाटोसम्म ९२ किलोमिटर लामो सडक विस्तारको जिम्मा बुद्धचोकदेखि-टीकाभैरवसम्मको ७९ किलोमिटर खण्ड आयोजना कार्यालयले लिएको छ भने बाँकी भाग सडक डिभिजन कार्यालयले बनाउने छ । टीकाभैरवदेखि चापागाउँ बसपार्कसम्म डिभिजन कार्यालयले चौडा पारेको भए पनि स्थानीयले निर्माण गरेका संरचनाका कारण ठेचो-सुनाकोठी खण्ड चौडा हुन सकेको छैन ।

# लगानी सम्मेलन : एक हजार ६ सय जनाको सहभागिता सुनिश्चित

काठमाडौँ, १५ वैशाख । आइतबारदेखि सुरु हुन लागेको दुईदिने तेस्रो लगानी सम्मेलनका लागि स्वदेश तथा विदेशबाट गरेर एक हजार ६ सय जनाभन्दा बढीको सहभागिता सुनिश्चित भएको छ ।

लगानी बोर्डको कार्यालयले उपलब्ध गराएको विवरणअनुसार सम्मेलनका लागि दुई हजार चार सयभन्दा बढी व्यक्तिलाई निमन्त्रणा पठाइएको थियो । विभिन्न ५५ देशका लगानीकर्ता सम्मेलनका लागि आउँदैछन् । सम्मेलनका नेपालका तीन सय ८५ जनाको सहभागिता सुनिश्चित भइसकेको छ ।

त्यसैगरी, चीनका दुई सय ६५, भारतका एक सय ४३, संयुक्त राज्य अमेरिकाका ३३, जापानका २८, संयुक्त अधिराज्यका १४, बङ्गलादेशका १३, संयुक्त अरब इमिरेट्स (युएई) का १३ र जर्मनीका १० जना सहभागी हुँदै छन् । दक्षिण कोरिया, अस्ट्रेलिया र मलेसियाका नौ नौ जना सम्मेलनमा सहभागी हुन लागेका लगानी बोर्डले जनाएको छ । पाकिस्तानबाट आठ, सिङ्गापुरबाट ६, कतार र घानाबाट पाँच/पाँच, साउदी अरब, फ्रान्स र बहराइनबाट चार/चार जनाको सहभागिता रहने जनाइएको छ ।

त्यसैगरी, स्विजरल्यान्ड, फिनल्यान्ड, रुस, अस्ट्रिया, श्रीलङ्का र कोलम्बियाका तीन/तीनजना सम्मलेनका लागि नेपाल आउँदै छन् । फिलिपिन्स, कुवेत, क्यानडा, मौरिसस, बेलारुस र बेल्जियमबाट दुई/दुईजना सम्मेलनमा सहभागी हुने सुनिश्चित भएको छ । त्यसैगरी, इजिप्ट, नर्वे, इटाली, सेनेगल, नेदरल्यान्ड, पोल्यान्ड, इन्डोनेसिया, ताजकिस्तान, दक्षिण अफ्रिका, रोमानिया, मेक्सिको र साइप्रसबाट पनि सम्मेलनमा सहभागिता रहने छ । आयरल्यान्ड, स्लोभेनिया, भियतनाम, बोस्निया, मोरक्को, टर्की, भानुआटु, मौरिटानिया र हङकङबाट पनि सम्मेलनका सहभागी हुने सुनिश्चित भएको बोर्डले जनाएको छ ।

आइतबारदेखि काठमाडौँमा आयोजना हुने उक्त सम्मेलनका लागि एक सय ५० आयोजना सोकेसमा राखिँदै छन् भने सम्मेलनस्थलमा २३ प्रदर्शनी कक्ष (स्टल) राखिनेछन् । सम्मेलनका क्रममा विभिन्न १९ परियोजनाका लागि आशयपत्र आह्वान गर्न लागिएको छ । आशयपत्र आह्वान गरिने, सोकेस गरिने, मार्केट साउन्डिङ गरिने र निजी क्षेत्रबाट गरी कूल एक सय ५० परियोजना प्रस्तुत हुनेछन् । पहिलो दिन उद्घाटन सत्र र दुईवटा मुख्य सत्र रहेका छन् । त्यस्तै, दोस्रो दिन ११ समानान्तर सत्र सञ्चालन हुनेछन् ।

***पार्टी...***

वाग्मती प्रदेशसभाका अर्का सदस्य सृजना सैंजूले राजनैतिक कार्यकर्ताको जीवन तरबारको धारमा हिँड्नुजस्तै चुनौतीपूर्ण हुने बताउनुभयो । उहाँले २०४५ सालको भक्तपुर काण्डको विरोधमा अग्रज किसान र महिलाहरूले गरेको सङ्घर्षको चर्चा गर्दै जनताको पक्षमा काम गर्नेहरूलाई राज्य पक्ष र विरोधी शक्तिले षड्यन्त्रमा फसाउन सक्नेतर्फ सचेत रहनुपर्नेमा जोड दिनुभयो । अन्तर्राष्ट्रिय राजनैतिक परिस्थितिबारे जानकारी दिँदै उहाँले संरा अमेरिकाले केही दिनअघि युक्रेन, इजरायल र ताइवानलाई ९४ अर्ब अमेरिकी डलरको सैन्य सहयोगको घोषणा गरेर रुसलाई युद्धमा फसाउने, प्यालेस्टिनलाई संसारको नक्साबाट समाप्त पार्ने र ताइवानमार्फत चीनलाई घेर्ने नीति लिएको बताउनुभयो ।

कार्यक्रममा उपप्रमुख रजनी जोशीले पार्टीको चुनावी घोषणापत्र र का. रोहितद्वारा लिखित ‘सय वर्षपछिको भक्तपुर’ पुस्तक जनप्रतिनिधिहरूको लागि मार्गचित्र भएको बताउनुभयो । वडाध्यक्ष उकेश कवां र कार्यपालिका सदस्य रोशनमैयाँ सुवालले पार्टीले हरेक कार्यकर्ताको मूल्याङ्कन गर्ने उल्लेख गर्दै एउटा पुस्ताको लागि मात्र नभई पुस्तौँ पुस्ताको सेवा गर्न राजनीति गरिने बताउनुभयो ।

वडाध्यक्ष रवीन्द्र ज्याखवले कार्यक्रमको उद्देश्यबारे चर्चा गर्दै जनप्रतिनिधिहरूबिचको पारिवारिक सम्बन्ध विस्तारले जनताको भावनाबमोजिम कार्य गर्न थप उत्साह प्राप्त हुने र जनप्रतिनिधिहरूबिच सैद्धान्तिक विषयमा नियमित छलफल र अन्तरक्रिया गरिरहनुपर्नेमा जोड दिनुभयो ।

# पाठेघरको मुखको परीक्षण (पापस्मेर जाँच) तथा स्तन परीक्षण शिविर सम्पन्न



भक्तपुर, १५ वैशाख । भक्तपुर नगरपालिका ४ नं.वडा स्वास्थ्य समितिको आयोजना तथा भक्तपुर क्यान्सर अस्पतालको प्राविधिक सहयोगमा शनिबार पाठेघरको मुखको परीक्षण ( पापस्मेर जाँच) तथा स्तन परीक्षण शिविर सञ्चालन भयो ।

उक्त कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले देशमा स्वास्थ्य उपचार महँगो भएका कारण वर्षको ५ लाख मानिसहरू गरिबीको रेखामुनि गइरहेको तथ्याङ्कले देखाएको बताउनुभयो । भक्तपुर नगरपालिकाले सहुलियतमै स्वास्थ्य सेवा दिइरहेको र नगरपालिकाका जनप्रतिनिधि एवं कर्मचारीहरूले राम्रोसँग काम गरेका कारण आज देशभरिका मानिसहरूले भक्तपुर नगरपालिकालाई हेरिने दृष्टिकोण राम्रो भएको बताउनुभयो । उहाँले भन्नुभयो, “समयमै उपचार तथा सावधानी अपनाए धनजनका साथै ज्यान पनि जोगिने छ । अब पाठेघरको मुखको परीक्षण तथा स्तन परीक्षणका शिविरहरू सम्पन्न भएपछि दन्त परीक्षणका शिविरहरू सञ्चालन हुनेछ ।

कार्यक्रमका सभापति एवं वडा अध्यक्ष उपेन्द्र सुवालले कम्युनिस्ट देशहरूमा सरकारले जन्मे देखि मरणसम्म सम्पूर्ण जिम्मा त्यहाँका सरकारले लिने गर्दछ, भक्तपुर नगरपालिकाले पनि जनताको सेवाको निम्ति विभिन्न कार्यहरू गर्दै आइरहेको बताउनुभयो ।

भक्तपुर क्यान्सर अस्पतालका मेडिकल अफिसर वर्षा प्रसाईले समयमै उपचार गर्नुपर्ने कुरामा जोड दिनुभयो भने निवर्तमान कार्यपालिका सदस्य कृष्णलक्ष्मी दुवालले वडावासीहरूको स्वास्थ्य सेवाको लागि विभिन्न स्वास्थ्य शिविरहरू सञ्चालन गर्दै आइरहेको बताउनुभयो ।

कार्यक्रममा रमिला सुवालले स्वागत मन्तव्य दिनुभयो भने वडा नर्स ईरा त्वायनाले कार्यक्रमको आवश्यकताबारे चर्चा गर्नुभएको थियो । कार्यक्रममा २७० जना महिलाहरूले स्वास्थ्य परीक्षण गरेका थिए ।

# सुकुन्दा साकोसको आयोजनामा निःशुल्क आँखा तथा दन्त शिविर



भक्तपुर, १५ वैशाख । आर्थिक स्वतन्त्रता र विकासको लागि सहकारीता भन्ने नाराका साथ सुकुन्दा बचत तथा ऋण सहकारी संस्था लिमिटेडको आयोजनामा शनिबार निःशुल्क आँखा तथा दन्त शिविर कार्यक्रम सम्पन्न भयो ।

वाईजल्यान्ड स्कूल वासिकचामा सञ्चालन भएको उक्त स्वास्थ्य शिविरबाट तीन सयभन्दा बढीले सेवा लिएका छन् ।

उक्त शिविरमा आँखा परिक्षणमा १८० जना, दन्त परीक्षणमा १०२ जना र ९५ जनाले ब्लड प्रेसरको परीक्षण गरेका थिए ।

सुकुन्दा बचत तथा ऋण सहकारी संस्था लिमिटेडका अध्यक्ष राजभाइ माकले सहकारीले आर्थिक कारोबारको हिसाब किताब मात्र गर्ने नभई सामाजिक उतरदायित्व बहन गर्दै निःशुल्क आँखा तथा दन्त शिविर कार्यक्रम आयोजना गरेको बताउनुभयो ।

शिविर समापन कार्यक्रममा सुकुन्दा साकोसका व्यवस्थापक सानुकाजी चिकंबञ्जार, सचिव सूर्यराम त्वानाबासु, महिला समितिका संयोजक चित्राकुमारी किसी, वाइजल्यान्ड स्कूलका प्रिन्सिपल आशाकुमार चिकंबञ्जार र डा. योजना थापाले पनि बोल्नुभएको थियो ।

आँखा शिविरमा ख्वप अस्पताल ( तिलगंगाअन्तर्गत) भक्तपुरको प्राविधिक सहयोग र दन्त शिविर कार्यक्रममा द डेन्टल सिटी हस्पिटल, भक्तपुरको प्राविधिक सहयोगमा सम्पन्न भएको थियो ।

कार्यक्रमपश्चात् सहयोगी संस्थाहरू वाइजल्यान्ड स्कूल, ख्वप अस्पताल (तिलगंगा अन्तर्गत) र द डेन्टल सिटी हस्पिटललाई आयोजकको तर्फबाट धन्यवाद एवं मायाको चिनो प्रदान गरिएको थियो ।

## सङ्क्षिप्त समाचार

### बझाङ उपनिर्वाचनमा ४९.१२ प्रतिशत मतदान

चैनपुर (बझाङ) १५ वैशाख (रासस) । बझाङ प्रदेशसभा १ मा शनिबार भएको प्रदेशसभा सदस्यको उपनिर्वाचनमा ४९ दशमलव १२ प्रतिशत अर्थात् ३० हजार तीन सय २८ मतदान भएको छ । बिहान ७ बजेदेखि साँझ ५ बजेसम्म भएको मतदानमा सो प्रतिशत मतदान भएको मुख्य निर्वाचन अधिकृत सुदर्शन लामिछानेले जानकारी दिनुभयो । उहाँका अनुसार जिल्लामा ६१ हजार सात सय ४८ मतदाता छन् ।

जिल्लाका ७४ वटा मतदानस्थल र ९३ केन्द्रमा मतदान शान्तिपूर्ण रूपमा सम्पन्न भएको उहाँले बताउनुभयो । उहाँका अनुसार प्रदेशसभा सदस्यका लागि विभिन्न राजनीतिक दलका ११ उम्मेदवार प्रतिस्पर्धामा छन् ।

### घाइते अवस्थामा बाघ देखापरेपछि वन प्रवेश निषेध

कञ्चनपुर, १५ वैशाख (रासस) । शुक्लाफाँटा नगरपालिका–८ बैजनाथ सामुदायिक वन क्षेत्रमा घाइते अवस्थामा बाघ देखापरेपछि वन क्षेत्र प्रवेशमा रोक लगाइएको छ । सामुदायिक वनको सलिमा ताल क्षेत्र नजिक बाघ घाइते अवस्थामा देखा परेकोले वन क्षेत्र प्रवेशमा रोक लगाइएको सामुदायिक वनका अध्यक्ष बहादुरसिंह महराले बताउनुभयो । उहाँले भन्नुभयो, “घाइते बाघले जुनसुकै बेला पनि आक्रमण गर्नसक्ने भएकाले उपभोक्तालाई वन क्षेत्रमा जान रोक लगाएका हौँ । बाघ के कति कारणले घाइते भएको हो भन्ने बारे जानकारी हुन सकेको छैन ।” चुरे क्षेत्र र शुक्लाफाँटा राष्ट्रिय निकुञ्जसँग जोडिएको वन बाघ लगायतका जनावरको बासस्थानका रुपमा रहेको छ ।

शुक्रबार मात्रै सो सामुदायिक वन क्षेत्रसँग जोडिएको भगवती सामुदायिक वनमा घाँस काटन गएका अन्दाजी २८ वर्षीय रवीन्द्र धामीलाई बाघले आक्रमण गरी घाइते बनाएको थियो । धामीको टाउको र हातमा गम्भीर चोट लागेपछि उपचारको लागि धनगढीस्थित निसर्ग अस्पतालमा भर्ना गरिएको छ ।

### हरियाली बढाउन वर्ष पैसट्ठी हजार बिरुवा वितरण गरिँदै

तनहुँ, १५ वैशाख (रासस) । हरियाली बढाउन यहाँस्थित जिल्ला डिभिजन वन कार्यालयले ६५ हजार बिरुवा निःशुल्क वितरण गर्ने भएको छ । कार्यालयले आफ्नो नर्सरीमा हुर्काएका बिरुवा किसानलाई वितरण गर्न लागेको हो ।

उत्पादित तयारी बिरुवा असारको तेस्रो सातादेखि वितरण गर्ने कार्यालयको योजना छ । विगतको तुलनामा यस वर्ष थोरै बिरुवा हुर्काइएका छन् । वन कार्यालयको नर्सरीमा तीस हजार डाले घाँसका बिरुवा उत्पादन गरिएका वन अधिकृत राजकुमार श्रेष्ठले जानकारी दिनुभयो । राइखनियो, डुम्री, बडहर, बकाइनो, टाँकीका बिरुवा अधिक छन् । हरियाली वृद्धिका साथै पशुपालन किसानलाई लक्ष्यित गरी डाले घाँसलाई प्राथमिकतामा राखिएको उहाँले बताउनुभयो । नर्सरीमा हुर्काइएका बिरुवामध्ये जडीबुटीतर्फ शितल चिनी, हर्रो, बर्रो, तेजपात, बेल, अमला, श्रीखण्ड रहेका छन् भने सौन्दर्यमूलकमा कपूर, अशोका, धूपीलगायत छन् । “पछिल्ला समय पशुपालनतर्फ किसानको आकर्षण बढ्दै गएकाले बर्सेनि डाले घाँसका बिरुवा उत्पादन गरी वितरण गर्दै आएका छौँ”, अधिकृत श्रेष्ठले भन्नुभयो, “प्रदेश सरकारबाट बजेट कम विनियोजन भएका कारण यस वर्ष थोरै बिरुवा उत्पादन गरिएको हो ।” चार वर्षअघि दश लाख, तीन वर्ष अघि आठ लाख, दुई वर्षअघि छ लाख २५ हजार र गत वर्ष एक लाख बढी बिरुवा उत्पादन गरी निःशुल्क वितरण गरिएको थियो ।

# उदयपुरमा समसामयिक विषयमा छलफल कार्यक्रम

उदयपुर, १५ वैशाख । नेपाल मजदुर किसान पार्टी सुन्दरपुर एकाइ समितिको आयोजनामा शनिबार समसामयिक विषयमा छलफल कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा नेमकिपा कोसी प्रदेश समितिका सदस्य महेन्द्र बखुन्छेले सङ्गठनमा आबद्ध हुनाले सामूहिक भावनाको विकास हुने भएकोले विभिन्न सामाजिक गतिविधिमा लाग्न अनुरोध गर्नुभयो । उहाँले सहकारी संस्थाका सञ्चालकहरू जनताको पैसा लिएर भागिरहेको अवस्थामा गाउँ घरमा पनि बचत गर्दा सचेत हुनुपर्छ भन्नुभयो । कृषि उत्पादनमा वृद्धि गर्नको लागि सहकारी संस्था र क्लवले गाउँ घरका कृषकहरूलाई विभिन्न तालिम सञ्चालन गर्नुपर्ने आवश्यकता औँल्याउँदै उहाँले कृषि उत्पादनले मात्र देश आत्मनिर्भर हुने विचार व्यक्त गर्नुभयो । नेमकिपाले स्वदेशमै रासायनिक मलकारखाना स्थापनाको लागि सङ्घर्ष गर्दै आइरहेको बताउँदै किसानहरू जागरुक हुनुपर्ने उहाँले



बताउनुभयो ।

नेमकिपा कोसी प्रदेश समितिका सदस्य दिनेश खड्गीले संविधानमा आधारभूत तहसम्म निःशुल्क र अनिवार्य, माध्यमिक तहसम्मको शिक्षा निःशुल्क भनी उल्लेख गरे तापनि शासक दलका नेताहरूकै निजी विद्यालय, कलेजमा लगानी भएको कारण ऐन कानुन नबनाएको हो भन्नुभयो । देशको शिक्षा नीति देशलाई आवश्यक जनशक्तिको आधारमा नभई बहुराष्ट्रिय कम्पनीको अनुदानमा पाठ्यक्रम परिवर्तन गरेको हुनाले युवा विद्यार्थीहरू रोजगारीको नाउँमा बेचिनुपर्ने उहाँले बताउनुभयो । उहाँले जात, धर्म र क्षेत्रको आधारमा कामदार जनताबिच द्वन्द्व मच्चाउने काम शासक दलले नै गरेको हुनाले कामदारवर्ग एक भई पुँजीवादी व्यवस्था अन्त्यको लागि सङ्घर्ष गर्नुपर्ने बताउनुभयो ।

नेमकिपा सुन्दरपुर एकाइ समितिका अध्यक्ष दल बहादुर बुढाथोकीको सभापतित्वमा भएको कार्यक्रममा नेमकिपा उदयपुर जिल्ला समितिका सचिव पूर्णबहादुर बुढाथोकीले गाउँमा भइरहेको विकृति विसङ्गतिको विषयको आवाज उठाउनुपर्ने बताउनुभयो ।

# दक्षिण एसियामा क्यान्सरका कूल बिरामीमध्ये २० प्रतिशतमा ‘मुखको क्यान्सर’

काठमाडौँ, १५ वैशाख (रासस) । दक्षिण एशियामा क्यान्सरका कूल बिरामीमध्ये २० प्रतिशतमा मुखको क्यान्सर हुने गरेको पाइएको छ ।

कान्तिपुर डेन्टल कलेज र नेशनल इन्टिच्यूट अफ क्रेनियोफेसियल सर्जरीले शनिबार आयोजना गरेको मुखको क्यान्सरसम्बन्धी अन्तर्राष्ट्रिय गोष्ठीमा दक्षिण एसियामा कुल क्यान्सरका बिरामीमध्ये २० प्रतिशतमा मुखको क्यान्सर पाइएको बताइएको हो ।

कार्यक्रममा नेशनल इन्टिच्यूट अफ क्रेनियोफेसियल सर्जरीका कार्यकारी निर्देशक एवम् क्रेनियोफेसियल सर्जन डा. सुमित सिंहले सूर्तीजन्य पदार्थको जथाभावी प्रयोगले मुखको क्यान्सरका बिरामी बढेका बताउनुभयो । वार्षिक दुई प्रतिशत बिरामीको मुखको क्यान्सरका कारण मृत्यु हुने गरेको पाइएको उहाँले जानकारी दिनुभयो ।

नेपाल मेडिकल काउन्सिलका रजिष्ट्रार डा. सतीश देवले काउन्सिलले क्यान्सरपीडित बिरामीको सुरक्षालाई उच्च प्राथमिकतामा राखेर काम गरिरहेको र त्यस कार्यमा यस्ता अन्तर्राष्ट्रिय गोष्ठीमा व्यक्त तथ्य र तथ्याङ्कले थप रणनीति बनाएर काम गर्न सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

कान्तिपुर डेन्टल कलेज शिक्षण अस्पतालका कार्यकारी निर्देशक डा. बुद्धिमान श्रेष्ठले देशभरका दन्त चिकित्सकलाई मुखको क्यान्सरसम्बन्धी तालिम दिन जरूरी रहेको उल्लेख गर्नुभयो ।

एकदिने अन्तर्राष्ट्रिय गोष्ठीमा नेपाल, भारत र बङ्गलादेशका एक सयभन्दा बढी डाक्टरको सहभागिता थियो । मुखको क्यान्सर पत्ता लगाउन हाल नेपालमा वायस्पी प्रविधिको प्रयोग हुँदै आएको छ । आगामी दिनमा लेजर प्रविधि र भेलोस्कोप प्रविधिसमेत प्रयोगमा ल्याउने विषयमा पनि छलफल भएको थियो ।

# इलाम–२ मा शान्तिपूर्णरूपमा मतदान

फिक्कल (इलाम), १५ वैशाख ( रासस) । इलाम क्षेत्र नं २ मा शनिबार भएको प्रतिनिधिसभा सदस्यको उपनिर्वाचनको मतदान सकिएको छ । उपनिर्वाचन शान्तिपूर्ण, उत्साहजनक र सौहार्दपूर्ण वातावरणमा सम्पन्न भएको प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवले बताउनुभयो ।

मतदानको विवरण आयोगको सूचना प्रणालीमा प्रविष्ट हुने क्रम जारी छ । हालसम्मको प्रारम्भिक विवरणअनुसार समग्रमा ५७ प्रतिशत मत खसेको प्रजिअ यादवले जानकारी दिनुभयो ।

अहिले मतपेटिका गणनास्थलमा आउन सुरु भइसकेको छ । सबै क्षेत्रमा शान्तिपूर्ण मतदान सम्पन्न भएको उहाँले बताउनुभयो । यहाँ एक लाख १५ हजार आठ सय ८९ मतादाता थिए । विसं २०७९ मङ्सिर ४ गते सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा इलाममा ५७ दशमलव ४४ प्रतिशत मतदान भएको थियो ।

मतदान सम्पन्न भएका सबै मतदानस्थलबाट शनिबार साँझदेखि नै मतपेटिका मुख्य निर्वाचन अधिकृतको कार्यालयमा ढुवानी हुनेछ । सबै क्षेत्रबाट राति १० बजेभित्र मतपेटिका ढुवानी भइसक्ने गरी आवश्यक व्यवस्था मिलाइएको प्रजिअ यादवले बताउनुभयो ।

मतपेटिका मतगणनास्थलमा ल्याइसकेपछि राजनीतिक दल तथा उम्मेदवार सर्वपक्षीय सहमतिपछि मतगणना प्रारम्भ गरिनेछ । मतगणना इलाम नगरपालिका-७ स्थित गौतमबुद्ध सभागृह (सिटीहल)मा हुनेछ ।

उपनिर्वाचनमा १२ राजनीतिक दलका र सात स्वतन्त्रसहित १९ जना चुनावी प्रतिस्पर्धामा छन् ।

गत निर्वाचनमा नेम्वाङले कांग्रेसका डम्बरबहादुर खड्कालाई एक सय १४ मतको झिनो अन्तरले पराजित गर्नुभएको थियो ।

यो क्षेत्रमा पहिचानवादी मुद्दा पेचिलो छ । पहिचानवादी पक्षका स्वतन्त्र उम्मेदवारसमेतको प्रतिस्पर्धाले चुनाव थप रोचक बनेको छ । इलामको उपनिर्वाचनलाई नेपाली राजनीतिका शीर्ष नेतृत्वले समेत प्रत्यक्ष चासो दिएका छन् ।

# धनुषाका एक सय ७३ साना उद्योग तथा व्यवसाय बन्द

जनकपुर, १५ वैशाख (रासस) । आर्थिक मन्दीका कारण धनुषामा चालु आर्थिक वर्ष २०८०/८१ को नौ महिनामा एक सय ७३ उद्योग तथा व्यवसाय बन्द भएका छन् ।

घरेलु तथा साना उद्योग कार्यालयका अनुसार उक्त उद्योग तथा व्यवसाय बन्द भएका हुन् । ती उद्योगमा कार्यरत करिब दुई हजार मजदुर बेरोजगार भएका छन् । उद्योग बन्द हुँदा करोडौँ घाटा भएको छ ।

कार्यालयबाट प्राप्त विवरणअनुसार उद्योगतर्फ ६० र वाणिज्यतर्फ एक सय १३ उद्योग तथा व्यवसाय बन्द भएको हो । बन्द भएका ती उद्योगहरूको बन्द हुनु अघि उत्पादित सामग्री समेत बिक्री भएको छैन ।

कार्यालयका सूचना अधिकारी मुकेश कर्णका अनुसार चालु आवको चैत मसान्तसम्म ६ सय ६२ वटा नयाँ उद्योग दर्ता भएका छन् । एक हजार ६ सय दुई उद्योग नवीकरण भएका छन् ।

यसैगरी, वाणिज्यतर्फ सात सय ३४ वटा व्यावसायिक फर्म नवीकरण तथा आठ सय ३७ नयाँ व्यावसायिक फर्म दर्ता भएका छन् ।

उद्योग दर्ता तथा नवीकरणबापत कार्यालयले रु. २४ लाख ११ हजार पाँच सय ३० राजस्व सङ्कलन गरेको छ । वाणिज्यतर्फ दर्ता र नवीकरणबापत रु. ५० लाख तीन हजार सात सय ७० गरी कूल ७४ लाख १५ हजार तीन सय राजस्व सङ्कलन गरेको छ ।

कोरोना महामारीको विश्वव्यापी असर, बैङ्कको ब्याजदरमा वृद्धि तथा आर्थिक तरलताका कारण उद्योगहरू बन्द भइरहेको घरेलु कार्यालयका प्रमुख किशोरीशरण यादवको भनाइ छ ।

व्यवसाय बन्द भएपछि बेरोजगारी बढ्नुका साथै जनकपुरमा व्यावसायिक सटरहरू खाली गरी व्यापारी पलायन हुन थालेका छन् । गत आव २०७९/ ८० मा दर्ता भएका उद्योगहरूमध्ये साना उद्योग पाँच सय ३६, लघु उद्योग पाँच सय ९१ तथा घरेलु उद्योग एक गरी एक हजार एक सय २८ उद्योग दर्ता भई सञ्चालनमा थिए । उद्योगहरूको स्थिर तथा चालु पुँजी रु. तीन अर्ब ५५ करोड ८२ लाख ११ हजार नौ सय ९९ रहेको जनाइएको छ ।

बजेट अभावका कारण घरेलु कार्यालयले समेत सीपमूलक तालिमहरू सञ्चालन गर्न सकेको छैन ।

# बेमौसमी तरकारीमा विषादीको अवशेष

राँझा (बाँके) १५ वैशाख (रासस) । नेपालगञ्जस्थित रानी तलाउ तरकारी बजारमा राखिएको बेमौसमी हरियो तरकारीमा विषादी अवशेष भेटिएको छ । भान्सामा दैनिक रूपमा प्रयोग हुने रायो भाजीको सागमा सबैभन्दा धेरै विषादी अवशेष भेटिएको केन्द्रीय कृषि प्रयोगशालाका नेपालगञ्जस्थित प्रतिनिधि नायब प्राविधिक सहायक गोविन्द चौधरीले जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, “यतिबेला किसानले बेच्न ल्याएको बेमौसमी भाजी रायोको सागमा विषादीको अत्याधिक मात्रा देखिएको छ । दैनिक रुपमा नमुना परीक्षण गर्ने क्रममा रायो भाजीको सागमा खाना अयोग्य हुने गरी विषादीको अवशेष भेटिएको थियो ।”

केन्द्रीय कृषि प्रयोगशालाका नेपालगञ्जस्थित प्रतिनिधि नायब प्राविधिक सहायक चौधरीका अनुसार केही नमुनामा रुकावट प्रतिशत ३५ देखि ४५ सम्म भेटिएको छ । यस्तो तरकारीलाई चार/पाँच दिन क्वारेन्टाइनमा राखेर पुनः परीक्षण गरी विषादीको मात्रा कम भए खान हुन्छ । बाँकेको हिरमिनिया र बाबुगाउँ तथा भारतबाट आयात भएका तरकारीमा बढी मात्रामा विषादी अवशेष भेटिएको प्रयोगशालाको रिपोर्टले देखाएको छ ।

पुस माघको मौसमी सागमा विषादीको मात्रा नदेखिए पनि अहिले कीराबाट बचाउन किसानले विषादी प्रयोग गर्ने हुनाले बेमौसमी तरकारीमा विषादीको अवशेष देखिने गरेको चौधरीले बताउनुभयो । विषादी प्रयोग गरेको तरकारी तुरुन्तै टिपेर बजारमा ल्याउँदा विषादीको मात्रा धेरै देखिने उहाँको भनाइ छ ।

भारतबाट आउने तरकारीलाई भन्सारमा खाद्य प्रविधि गुण नियन्त्रण विभागले परीक्षण गर्ने र रानी तलाउ तरकारी बजारमा पुनः नमुना परीक्षण गर्ने गरिएको छ । रानी तलाउ तरकारी बजारमा सार्वजनिक बिदाको दिनबाहेक प्रायः दैनिक रुपमा परीक्षण हुने गरेको कृषि उपज बजार सञ्चालक समितिका अध्यक्ष मोतिसरा थापा क्षेत्रीले बताउनुभयो ।नमुना परीक्षणका क्रममा विषादीको मात्रा देखिएका किसानलाई सचेत गराउने गरेको उहाँ को भनाइ छ । बेमौसमी तरकारी उत्पादन गर्न किसानले विषादीको मात्रा धेरै प्रयोग गर्ने गरेका छन् ।

# मण्डला नाटकघरमा ‘टिकट टु हलिउड’

काठमाडौँ, १५ वैशाख । मण्डला नाटकघरमा ‘टिकट टु हलिउड’ नाटक मञ्चन भइरहेको छ । युवाहरूले देश छाड्न गरिरहेको सङ्घर्ष, यसको कारण, विदेश पुग्ने लहर लगायतका विषयलाई समेटेर सागर खातीले निर्देशन गर्नुभएको नाटकमा मिलन कार्की, सुदिप खतिवडालगायतले अभिनय गरिरहनुभएको छ ।

विदेशिने युवाको विषयलाई नाटकमा ल्याउने तयारी गरिरहँदा बालकुमारीमा घटेको घटनापश्चात् झनै गम्भीर भएर काम गरेको निर्देशक खातीले बताउनुभयो ।

“नाटकमा समकालीन समाजका गम्भीर विषयलाई हास्य शैलीमा देखाइएको छ, आफूसँग थियटर गरिरहेका साथी तथा गुरुहरू पलायन भइरहँदा यो विषयमा केही गरौँ भन्ने झनै लागेको हो, देखासिखी र लहरले मानिसलाई कुन हदको समस्यामा पुऱ्याइरहेको छ, भन्ने देखाइएको छ”, निर्देशक खातीले भन्नुभयो । सोमबारबाहेक साताको प्रत्येक दिन वैशाख २३ गतेसम्म नाटक मञ्चन गरिने मण्डला नाटकघरले जनाएको छ ।

**। सम्पादकीय ।**

## के सरकारप्रति लगानीकर्ताहरूको विश्वास होला ?

देशको आर्थिक स्थिति नाजुक छ । निर्यातभन्दा आयात बढेको छ । व्यापार घाटा बढ्दो छ । देशको बजेट विदेशी ऋण र सहयोगको आधारमा तयार हुन्छ । देशको ऋण बढेको बढ्यै छ । देश भ्रष्टाचारको कालोसूचीमा छ । यसरी देशको अर्थतन्त्र खस्किरहेको बेला नेपालमा वैशाख १६ र १७ गते दुई दिन तेस्रो लगानी सम्मेलन हुन गइरहेको छ । देशमा सहज दिशा दिन नसकेको सरकार अस्थिर भइरहेको बेला हुने यो लगानी सम्मेलन सार्थक होला या नहोला ? सरकारले सोचेअनुसार सम्मेलनले गति लेला या नलेला ? सबैको चासो र चिन्ता हुनु स्वाभाविक हो । विगतको सम्मेलन पनि खासै फलदायी नभएको टिप्पणी यसअघि नै भएको थियो ।

सम्मेलनमा विभिन्न देशका सरकारी प्रतिनिधि, स्वदेशी तथा विदेशी लगानीकर्तासहित नीति निर्माता, दातृ निकाय र कूटनीतिक नियोगका प्रतिनिधिहरूको बाक्लो उपस्थिति हुने आशा गरिएको छ । सम्मेलनमा बाक्लो उपस्थिति जनाउनु नै सम्मेलनको सफलता होइन । सम्मेलनमा सहभागी प्रतिनिधि या दातृ राष्ट्रहरूले के के विषयमा कति लगानी गर्ने हो ? त्यो लगानी नेपाल र नेपालीको निम्ति फाइदा हुन्छ कि हुँदैन ? दातृ राष्ट्रले प्रतिबद्धता गरेबमोजिम लगानी गर्ला या नगर्ला ?

सरकारले विदेशी लगानीकर्ताहरूको होइन स्वदेशी लगानीकर्ता या व्यापारी व्यवसायीहरूको सम्मेलन गर्नुपर्ने हो । विदेशी दातृ राष्ट्र या विदेशी लगानीकर्ताहरूको सम्मेलन गर्नु भनेको नेपालमा विदेशीलाई ठाउँ दिनु हो; विदेशीलाई नेपालमा व्यवसाय गर्न दिनु हो । यसले नेपाल र नेपालीलाई भन्दा विदेशीलाई नै फाइदा हुन्छ । उत्पादनमूलक उद्योगहरू औसत क्षमतामा सञ्चालन हुन सकिरहेको छैन । निजी क्षेत्रमा लगानीको जाँगर देखिँदैन । के विदेशी लगानी भित्र्याएर स्वदेशी लगानीकर्ताको मनोबल बढ्छ ? लगानी सम्मेलनमा व्यक्त विचार सबै व्यवहारमा लागु हुन्छ भन्ने होइन । विगतमा पनि धेरैले लगानी गर्ने विचार व्यक्त गरे । तर, धेरै कार्यान्वयन भएन । राजनीतिक र नीतिगत अस्थिरता या कुनै पनि सरकारले दिशा निर्देश गर्न नसकेको या सरकारप्रति जनताको विश्वास गुम्दै गएको स्थितिमा हुन लागेको यो लगानी सम्मेलनले के स्वदेशी र विदेशी लगानीकर्ताहरूको विश्वास जित्न सक्ला ?

देशका शासकहरू ठुलठुला योजना बुन्छन् । ती योजनाहरू विकास गर्नुभन्दा पैसा कमाउन ल्याउँछन् । देशको विकासमा धेरै चुहावट हुन्छ, अनियमितता हुन्छ । कमिसन खाएर या अनियमितता गरेर पदको दुरूपयोग गरी पैसा कुम्ल्याउने धेरै मन्त्रीहरू छन् ; धेरै सांसदहरू छन् । कति नेता, मन्त्री र सांसदहरू भ्रष्टाचार र अनियमिततामा फसिरहेका छन् । प्रेसको सामान र कोरोनाको औषधि तथा सामान ल्याउँदा मन्त्री र सांसदहरूले अनियमितता गरेको कुरा सञ्चारमाध्यममा आएकै हो । योजना बनाउने तर कामै नगरी पैसा असुल्ने, बाटै नभएको ठाउँमा पुल बनाउने, पहिलेकै योजना देखाएर पैसा लिने दृष्टान्त बेलाबखत सञ्चारमाध्यममा आइरहेकै हो । यसरी विकासको योजनामा दाइँ गर्ने सत्तासीन दलका नेता, मन्त्री र सांसदप्रति जनताको विश्वास गुमिरहेको बेला के यो सम्मेलनमा भाग लिने स्वदेशी या विदेशी लगानीकर्ताहरूले यो सरकारलाई विश्वास गर्लान् ?

देशको वर्तमान राजनीतिलाई हेर्दा अहिले सरकारमा सहभागी दलहरू नै एक अर्काप्रति विश्वस्त छैनन् । कुन दिन सरकारमा सहभागी दलले समर्थन फिर्ता लिएर सरकार ढाल्ने हो निश्चित छैन । सरकारको नेतृत्व गर्ने दल माओवादी र एमालेप्रति न जसपाको विश्वास छ न त एकीकृत समाजवादीकै । शासकहरू आफैँ विश्वासिला छैनन् । सत्तासीन दलका नेताहरू एकले अर्काको खुट्टा तान्छन् ; भागबन्डामा तँछाडमछाड गर्छन् । भागबन्डा मिलेन भने समर्थन फिर्ता लिने धम्की दिन्छन् । सरकार अपराधीहरूमाथि कारबाही गर्न अघि सर्दैन । अघि सर्न खोजियो कि समर्थन फिर्ता लिएर सरकार ढाल्ने धम्की दिन्छ । यस्तो परिवेशमा देशमा तेस्रो लगानी सम्मेलन हुँदै छ । सयौँ परियोजनाहरू देखाएर स्वदेशी र विदेशी लगानीकर्ताहरूलाई लगानी गराउने लोभ सरकार बाँड्दै छ । देशमा लगानी गर्ने दातृ राष्ट्र या लगानीकर्ताहरूलाई सरकारले कसरी विश्वास दिलाउने हो ? विश्वास दिलाउन सक्छ कि सक्दैन ? प्रश्न तेर्सिएको छ ।

# ‘विश्वका क्रान्तिकारी महिलाहरू’ तुलनात्मक अध्ययन एक अवसर

✍ **सुन्दर**

नेपाल क्रान्तिकारी महिला सङ्घले ५ वर्षअघि अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको अवसरमा ‘विश्वका क्रान्तिकारी महिलाहरू’ पुस्तक प्रकाशित गर्‍यो । १४० पृष्ठको पुस्तकमा १६ जना कामदारवर्गप्रति समर्पित महिलाहरूको जीवन परिचय २ देखि ४२ पृष्ठसम्म फैलिएका छन् । विश्वका क्रान्तिकारी महिलाहरूको त्याग, समर्पण, साहस, धैर्य, योगदान र सङ्घर्षको गाथा एकै सँगालोमा समेटिँदा तुलनात्मक अध्ययन गर्न पाठकहरूलाई सहज बनाएको छ ।

ती क्रान्तिकारी महिलाहरूमध्ये सबैभन्दा सुख र वैभवमा हुर्किएकी जेनी मार्क्स नै थिइन् । तीमध्ये जेनीले नै सबैभन्दा ज्यादा अभावको भुँवरीमा अवर्णननीय पीडा भोगिन् । सबैभन्दा कठिन जीवन सङ्घर्ष सामना गरिन् ।

सन् १८१४ फ्रेबुअरी १२ का दिन सामन्त परिवारमा जेनी जन्मेकी थिइन् । जेनीका बुबा लुडविग फानवेस्टफालेन साहित्यानुरागी तथा सालजवेडेलका मेजिस्ट्रट थिए । त्यसैले जेनी राजकुमारीजस्तै सुखसयलमा हुर्किन् । तीक्ष्ण बुद्धिका जेनी निकै राम्री थिइन् । ट्रियर नगरमा ‘देवकन्या’ वा ‘नृत्यकी रानी’ भनी प्रसिद्ध थिइन् ।

जेनीका बुबा लुडविगको मार्क्सका बुबा हाइनरिख मार्क्ससँग घनिष्ठ सम्बन्ध थियो । हाइनरिख वकिल थिए । बुबाहरूको घनिष्ठताकै कारण जेनी आफ्नो घरमा मार्क्ससँगै खेल्ने र पढ्ने गर्थिन् । जेनी मार्क्सभन्दा ४ वर्षले जेठी थिइन् । उनीहरूबिचको बाल्यप्रेम युवावस्थामा झन् प्रगाढ भयो । जेनी मार्क्सका प्रेरणा बनिन् भने मार्क्स जेनीको प्राण थिए । एक सामन्त वर्गकी छोरी भएर पनि जेनीले दर्जा, कुल र मर्यादालाई बेवास्ता गरी तल्लो दर्जाको परिवारका मार्क्सलाई आफ्नो हृदयको सम्राट बनाइन् ।

बर्लिनबाट विद्यावारिधी (पीएचडी) गरेपछि मार्क्सले राइन समाचार (राइनिसे जाइटुङ्ग) मा सम्पादनको काम गरे । मार्क्सको क्रान्तिकारी विचारलाई ‘उग्र, सरकारविरोधी र साम्यवादतिर ढल्केको’ आरोप लगाउँदै पत्रिका बन्द गर्ने आदेश आयो । स्वतन्त्रतापूर्वक कलम चलाउन मार्क्सले जर्मनी नै त्याग गर्ने विचार गरे । स्वनिर्वासनमा जानुअघि सन् १८४३ जून १९ का दिन मार्क्स र जेनीको विवाह भयो ।

पेरिस बसाइँ सन् १८४४ मा जेनीले पहिलो सन्तान छोरी जन्माइन् । जेनी नै नाम राखियो । सन् १८४५ जनवरी ११ का दिन जर्मन सरकारको दबाबमा जर्मन क्रान्तिकारीहरूलाई फ्रान्सबाट निकाल्ने आदेश दियो । जेनीको परिवार बेल्जियमको ब्रुसेल्समा निर्वासित भए । त्यहाँ जेनीले सन् १८४५ सेप्टेम्बरमा दोस्रो छोरी लाउरा जन्माइन् ।

सन् १८४८ मा मार्क्स र एङ्गेल्सले ‘कम्युनिस्ट घोषणापत्र’ लेखे । घोषणापत्र प्रकाशनलगत्तै फ्रान्समा क्रान्ति सुरु भयो । फ्रान्सको क्रान्तिको डढेलो सारा युरोपभरि फैलियो । बेल्जियमका पुँजीवादी उदारवादी राजनीतिज्ञहरूले राजालाई समर्थन गरे र क्रान्तिलाई दबाए । विदेशीहरूलाई लखेट्ने क्रममा मार्क्स र जेनी पनि पक्राउ परे । हिरासतमा जेनीले यौन पेसाकर्मी महिलाहरूसँगै रात बिताउनुपर्‍यो । मार्क्स र जेनी ब्रुसेल्सबाट पनि निकालिए ।

फ्रान्सको अस्थायी सरकारले मार्क्सलाई ‘वीर, इमानदार र सबै जातिहरूको भाइचाराको निम्ति लड्ने’ भनी स्वागत गर्‍यो । परिवर्तित राजनीतिक परिवेशमा पेरिसमा नेतृत्व स्थापना गरी मार्क्स जर्मनका ठाउँ ठाउँमा भएको आन्दोलनमा सहभागी भए । सन् १८४८ जून १ मा ‘नयाँ राइन समाचार’ (नोये राइनिशे जाइटुङ्ग) प्रकाशित गरे । केही महिनापछि जर्मनीमा क्रान्ति असफल भयो । मे ११ को दिन प्रसियन सरकारले मार्क्सलाई देश निकालाको आदेश दियो । भरखरै सुरु गरेको पत्रिकाको ऋण धेरै थियो । ऋण तिर्न मार्क्सको सारा सम्पत्ति बेचे । नपुगेर जेनीका चाँदीका भाँडाकुँडाबाहेक सबै गहना पनि बेच्नु पर्‍यो ।

सेप्टेम्बर १५ मा मार्क्स - जेनीको परिवार लन्डन पुगे । मार्क्स त्यहाँ २८ पृष्ठको ‘नयाँ राइन समीक्षा’ (नोये राइनिशे रिभ्यु) पत्रिका प्रकाशन गरेर आफ्नो क्रान्तिकारी विचार प्रचारमा लागे । चरम आर्थिक अभावको शिलशिला रहिरह्यो । जेठो छोरा एड्गरपछि सन् १८४९ नोभेम्बरमा जन्मेको चौथो सन्तान, छोरा गिडो एक वर्षमै बित्यो । खानपिन र औषधिमूलोकै प्रबन्ध नभएर मृत्युवरण गर्ने गिडो आफ्नो परिवारको दु:ख हेर्न आएको पाहुनाजस्तै भयो । जेनीको परिवार एक एक पैसा र एक एक गेडा अन्नको लागि सङ्घर्ष गरिरहेको थियो । घर बहाल तिरिसकेका थिए । तर, लिने मानिसले घरको मुख्य मालिकलाई पैसा नतिर्दा निर्दयतापूर्वक जेनीको परिवारलाई घरबाट निकाल्यो । बिरालोले बच्चा सारेजस्तो जेनी केटाकेटी, झिटीगुन्टा बोक्दै हिडिन् । कस्तो आर्थिक सङ्कट ! भोकभोकै डेरा खोज्दै हिँड्नुपर्ने, केटाकेटीहरू अकाल मृत्युको साक्षी बनेर । कसरी थामियो होला, मार्क्स र जेनीको मन ? मानवता र सर्वहारा वर्गप्रति अगाध प्रेम र भक्ति राख्ने परिवारले कसरी आफ्नो धैर्यलाई कायम राख्यो होला ? क्रान्तिकारीहरूको जीवनको यो एक झल्को हो ।

सन् १८५१ मार्चमा जेनीले पाँचौं सन्तान, छोरी फ्राँजिस्का जन्माइन् । सन् १८५२ को इस्टर पर्वमै निमोनिया पीडित छोरी फ्राँजिस्काको मृत्यु भयो । मुर्दा राख्ने बाकसको लागि एक फ्रान्सेली शरणार्थीले २ पाउन्ड सहयोग गरे । सन् १८५५ अप्रिल ६ का दिन एक मात्र छोरो एड्गर ९ वर्षको उमेरमा मृत्यु भयो । जेनीलाई असह्य र अवर्णनीय चोट पर्‍यो । उच्च खानदानकी छोरी जेनीले निर्मम अभावमा पनि आफ्नो क्रान्तिकारी लोग्नेको मुख हेरेर मात्रै आफ्नो व्यथित हृदयलाई सम्हालिन् ।

मार्क्सप्रतिको समर्पण र धैर्यले जेनीको हृदय नौनीभन्दा कोमल र बज्रभन्दा पनि कठोर बन्यो । जेनी मार्क्सकी श्रीमती, सहयोगी मात्रै थिइनन्, अभिभावक पनि थिइन् । मार्क्सले हरेक लेख प्रेसमा पठाउनुभन्दा पहिले जेनीलाई दिन्थे र त्यसलाई जेनीले सार्ने गर्थिन् । सन् १८६६ मा मार्क्सले भने, “म आफ्नो सबै हस्तलेखहरू उनको अगाडि राख्छु र उनको निर्णयलाई धेरै मूल्यवान सम्झन्छु ।” मार्क्स र जेनीको अद्वितीय प्रणय भावना मिलन मात्र होइन विचार र बौद्धिकताको समागम पनि हो ।

‘विश्वका क्रान्तिकारी महिलाहरू’ को दोस्रो पाठमा ह्यारियट टबम्यानको परिचय दिइएको छ । जेनीको पारिवारिक पृष्ठभूमिको ठीक उल्टो टबम्यान दास परिवारमा सन् १८२१ मा जन्मेकी थिइन् । ५ वर्षको उमेरमा टबम्यानलाई एक गोरी महिलाले घरेलु कामदारको रूपमा लगी । ती महिलाले कामको पहिलो दिनमै टबम्यानको मुख छालाको डोरीले चारपटक हिर्काई । दिनदिनको अमानवीय यातना सहन नसकेर ७ वर्षको उमेरमा टबम्यान भागिन् । सुँगुरको खोरमा लुकिन् । खानाको लागि सुँगुरसँग लडिन् । ४ दिनपछि उही महिलाको घरमा गइन् ।

गोरी महिलाको घरबाट उम्केर खेतमा गइन् । घरदासीबाट खेतदासी भइन् । यौवन अवस्थामा आफूलाई दासताबाट मुक्त पारिन् । टबम्यानले दासत्वबाट मुक्त अभियान चलाइन् । उनले गरिब र दासहरूको क्षेत्रबाट सूचना दिनेहरूको चारैतिर सङ्गठन फैलाइन् । सयौँ दासहरूलाई मुक्त हुन सहयोग गरिन् । सन् १८५० मा अमेरिकी भूमिपतिहरूले उनलाई जिउँदो वा मुर्दा समाउनेलाई ४० हजार डलर पुरस्कार दिने घोषणा गर्‍यो । क्यानाडाको सिमाना र दक्षिण क्यारोलिनालगायत क्षेत्रमा आवश्यक सशस्त्र प्रतिरोध गरेर दासहरूलाई मुक्त गर्न उनी सफल भइन् ।

पुस्तकको तेस्रो पाठमा सन् १८५७ जुलाई ५ मा जन्मेका क्लारा जेट्किनको सैद्धान्तिक सङ्घर्षमा प्रकाश पारिएको छ । जर्मनी महिला सङ्घको छलफल र अन्तरक्रिया कार्यक्रमहरूमा भाग लिन थालेपछि क्लारा सामाजिक प्रजातन्त्रवादीहरूको सम्पर्कमा पुगिन् । सन् १८७८ मा सामाजिक मजदुर पार्टीमा संलग्न भएपछि उनी ब्रुच जान बाध्य भइन् । उनले साचसेन र अस्ट्रियामा शिक्षिकाको रूपमा काम गरिन् । सन् १८८२ मा क्लारा जुरिचमा सामाजिक प्रजातान्त्रिक पार्टीमा सामेल भइन् । त्यही वर्ष रुसी क्रान्तिकारी ओसिप जेट्किनसँग बस्न थालिन् । विवाह गर्न आवश्यक कागजपत्रको अभावमा क्लाराले ओसिपको थर आफ्नो नामको पछाडि जोडिन् ।

क्लारा पेसागत र सामाजिक क्षेत्रका महिलाहरूको समान हकको माग गर्दै वर्गसङ्घर्षका विभिन्न आन्दोलनमा सक्रिय भइन् । मजदुर आन्दोलनलाई अन्तर्राष्ट्रियस्तरमा उठाउन क्लाराले महत्त्वपूर्ण योगदान दिइन् । सन् १८९२ मा सामाजिक प्रजातान्त्रिक पार्टीको तर्फबाट ‘समानता’ भन्ने पत्रिका प्रकाशित गरिन् । सन् १९०७ स्टुटगार्टमा समाजवादी महिलाहरूको प्रथम अन्तर्राष्ट्रिय सम्मेलनले क्लारालाई महिला सचिवालयको अध्यक्ष छान्यो । सन् १९१० मा डेनमार्कको कोपनहेगनमा सम्पन्न दोस्रो अन्तर्राष्ट्रिय समाजवादी महिला सम्मेलनमा क्लाराले ८ मार्चमा अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस मनाउने प्रस्ताव गरिन् ।

प्रथम विश्वयुद्धको सङ्घारमा जर्मन सामाजिक प्रजातान्त्रिक पार्टी सामाजिक अन्धराष्ट्रवादमा फस्दै गयो । क्लाराले अन्धराष्ट्रवाद र संशोधनवादको विराधमा सशक्त सङ्घर्ष गरिन् । जर्मनीमा निश्चित सम्पति र आम्दानी हुने महिलाले मात्र मतदान अधिकार पाएका थिए । ‘पुँजीवादी महिला हक’ को विरोध गर्दै समान राजनीतिक अधिकारीको निम्ति सङ्घर्ष अगाडि बढाइन् ।

महान् नेता लेनिनका सहजीवनकी यात्री नादेज्दा क्रुप्सकाया गरिब भए पनि प्रगतिशील परिवारमा सन् १८६९ मा जन्मेकी थिइन् । आमाबुबाको विचारबाट प्रभावित क्रुप्सकाया १४ वर्षकै उमेरमा शिक्षिका भइन् । सानैमा मार्क्सवाद अध्ययन गर्दै कम्युनिस्ट पार्टीमा आबद्ध क्रुप्सकायाले पिटर्सवर्गका मजदुरहरूबिच पाठशाला चलाइन् । मजदुरवर्गको मुक्ति सङ्घर्षमा लेनिनसँग क्रुप्साकायाको भेट भयो । सन् १८९८ साइबेरियामा निर्वासनमा रहँदा एक अर्काको जीवनलाई सहजीवन वा सहअस्तित्त्वको रूपमा स्वीकार्दै लेनिन र क्रुप्सकायाले वैवाहिक सम्बन्ध जोडे ।

क्रान्तिको लागि गुरिल्ला युद्ध तयारी मजबुत बनाउन क्रुप्सकाया लागिपरिन् । मजदुर महिलाहरूको अन्तर्राष्ट्रिय सम्मेलनमा पनि क्रुप्सकायाले उच्च भूमिका निर्वाह गरिन् । साक्षरता वृद्धि गर्न प्रौढहरूलाई पनि शिक्षा लिन उत्प्रेरित गरिन् । सन १९१५ उनले ‘जनशिक्षा र जनवाद’ शीर्षकमा शोध गरिन् । क्रान्तिपछि शिक्षामा बौद्धिक विकाससँगै उत्पादन श्रमसँग जोड्न महत्त्वपूर्ण पहल गरिन् । अक्टोबर क्रान्तिअघि सङ्गठन निर्माण र क्रान्तिपछि कामदार जनताको शिक्षा प्रवर्द्धनमा विशिष्ट योगदान दिइन् । शिक्षालाई जोड दिने क्रममा लेनिनको सालिक बनाउन लाग्दा विरोध गर्दै क्रुप्सकायाले भनिन्, “स्कूल बनाउनुपर्छ, किनभने स्कूलमा केटाकेटीलाई ज्ञान दिइन्छ । सालिकमा त्यस्तो कुनै गुण हुँदैन ।”

पोल्यान्डको यहुदी परिवारमा सन् १८७१ मार्च ५ का दिन जन्मेका रोजा लक्जेम्वर्गको जीवनी र योगदानलाई यस पुस्तकभित्र ४२ पृष्ठमा विस्तार गरिएको छ । पोल्यान्डमा रुसी साम्राज्यवादीहरूले कारखानाका मजदुरहरूलाई १५-१६ घण्टा काम गराउँथ्यो । पोल्यान्डका कारखानामा महिलाहरूलाई भर्ती गर्न नाङ्गै जाँच्ने नियम थियो । महिलाहरूको बेइज्जतीविरुद्ध सर्वहारा मजदुर पार्टीले विरोध गर्‍यो । हजारौँ मजदुरहरूको हडतालबाट महिला मजदुरहरूलाई नाङ्गै राखेर जाँच्ने नियम खारेज गरियो । परतन्त्रता, गरिबी र असमानताको एक मात्र औषधि समाजवादी क्रान्ति हो भन्ने प्रचार हुँदै थियो । १६-१७ वर्षकी किशोरी रोजाले क्रान्ति, समाजवादी सिद्धान्त, मार्क्स र एङ्गेल्सका रचनाहरूको अध्ययन गरिन् । सर्वहारा मजदुर पार्टीमा रोजाले जीवनको नयाँ ज्योति देखिन् । तत्कालीन रुस र पोल्यान्डका देशभक्तहरूको केन्द्र जुरिचमा रोजा जानुपर्ने भयो । पक्राउबाट बच्न रोजा भूमिगत थिइन् । पासपोर्ट थिएन । रोजाले यहुदीबाट क्रिश्चियन धर्म परिवर्तन गर्न लागेको बहाना बनाई सीमा पार गर्न पादरीको पनि सहयोग लिन सफल भइन् ।

प्रतिभावान र सक्रिय रोजाले पोल्यान्ड समाजवादी पार्टीको मुखपत्र ‘मजदुरहरूको इच्छा’ प्रकाशनको भित्री नेतृत्व गरिन् । २३ वर्षको उमेरमै रोजा कम्युनिस्टहरूको दोस्रो अन्तर्राष्ट्रिय महाधिवेशनमा सहभागी भइन् । रोजाले सैद्धान्तिक सङ्घर्षलाई दृढतापूर्वक अगाडि बढाइन् । मजदुर आन्दोलनलाई शिथिल पार्न पुँजीपतिवर्गले शासन सत्तामा मजदुरवर्गका प्रतिनिधि र समाजवादी दलहरूलाई सामेल गराउने नीति लिन थाल्यो । मजदुर आन्दोलन दबाउनका लागि त्यो चास्नी पोतेको गोली थियो । रोजाले पुँजीवादी मन्त्रीमण्डलमा हिस्सा लिने नीतिको विरोध गरिन् । रोजाले चुनावमा भाग लिनुको अर्थ जनताको बिचमा समाजवादको प्रचार गर्नु र संसद्मा जानुको अर्थ जनताको माग अगाडि बढाउन अनि सकेसम्म जनताको पक्षमा ऐन कानुन बनाउन सङ्घर्ष गर्नु हो भन्ने स्पष्ट पारिन् । संसद्बाट मजदुरवर्गको भलो हुन्न भन्ने बुझेर नै मजदुर वर्गले संसद्बाहिर क्रान्तिको निम्ति सङ्गठन गर्नुपर्छ भन्ने पक्षमा वकालत गर्दै आइन् । आफ्नो सैद्धान्तिक परिपक्वता, सुझबुझ र राजनीतिक अडानले गर्दा जर्मनको राजनीतिक दबुलीमा रोजा एक चर्चाको विषय बनिन् ।

# गुप्त समाजहरू



गुप्त समाजको बैठक

निश्चित उद्देश्य प्राप्त गर्न लुकिछिपी गठन गरिएको समूहलाई गुप्त समाज भनिन्छ। सामान्यत: गुप्त समाजमा निश्चित व्यक्तिलाई मात्र सदस्य बनाइन्छ। गुप्त समाजको अस्तित्व र उद्देश्यबारे सदस्यबाहेक अरूलाई थाहा दिइन्न। राजनीतिक दलले जस्तो गुप्त समाजले सर्वसाधारणबिच प्रचार र सङ्गठन गर्दैनन्।

१७ औँ शताब्दीको अन्त्य र १८ औँ शताब्दीको पूर्वार्द्धमा युरोपका अनेक देशमा राजनीतिक उद्देश्य बोकेका गुप्त समाजहरू खोल्ने चलन थियो। सामन्ती राजसत्ताविरुद्ध हुने विद्रोहमा गुप्त समाजहरूले महत्त्वपूर्ण भूमिका खेल्थे।

**मुक्ति सङ्घ**

रूसमा १८१६ को फेब्रुअरीमा एउटा गुप्त समाजको स्थापना भयो। त्यसको नाम 'मुक्ति सङ्घ' थियो। निकिता र अलेक्सान्द्र मुराभ्योभ, सेर्गेइ र मात्भेइ मुराभ्योभ-अपोस्तोल, कुमार सेर्गेइ त्रुबेत्स्कोइ, इभान याकुश्किन गरी उक्त सङ्गठनका ६ संस्थापक थिए। उनीहरू सबै रूसी सेनाका अफिसर थिए। भर्खरै नेपोलियनविरुद्ध मस्कोदेखि पेरिससम्मको लडाइँमा सहभागी भएर फर्केका ती अफिसरको सालाखाला उमेर २१ वर्ष पनि थिएन। स्थापनाको केही महिनामै मुक्ति सङ्घको सदस्य सङ्ख्या बढेर ३० पुग्यो। मिखाइल लुनिन र पाभेल पेस्तेलजस्ता जाँगरिला सदस्यहरू थपिए।

'मुक्ति सङ्घ' का मुख्य दुई उद्देश्य थिए। एक, रूसमा तानाशाही जार शासनको ठाउँमा संवैधानिक व्यवस्था स्थापना गर्ने; दुई, रूसी किसानलाई अमानवीय भूदास प्रथाबाट मुक्त गर्ने। उद्देश्यमा स्पष्ट भएर पनि समाजका सदस्यहरूमा उद्देश्य प्राप्तिको निम्ति कुन बाटो रोज्ने भन्ने विषयमा अन्योल थियो। केही युवा जारलाई राजनीतिक र सामाजिक सुधारबारे बिन्तीपत्र लेख्ने पक्षमा थिए। अर्काथरी युवा सैन्य दबाब दिएर जारलाई संविधान जारी गराउन बाध्य पार्ने पक्षमा थिए। अन्तत: सन् १८१७ मा भएको गुप्त समाजको बैठकले एउटा नीति बनायो। जारको निधनपछि नयाँ जारले शपथ लिने बेला गुप्त समाजको प्रभावमा रहेका पल्टनहरूले शपथ लिन अस्वीकार गरेर नयाँ जारलाई संविधान जारी गर्न र सुधारका कार्यक्रमहरू लागु गर्न बाध्य पार्ने तय भयो। त्यसको निम्ति गुप्त समाजले सेना र निजामती सेवाका प्रमुख पदमा आफ्नो प्रभाव कायम गर्नुपर्ने थियो। सोही बैठकले समाजको नाम 'पितृभूमिका सच्चा र बफादार छोराको समाज' राख्ने निर्णय गर्‍यो।

पाभेल पेस्तेलजस्ता केही युवा जारको निधनसम्म कुर्न सहमत थिएनन्। सम्राटको हत्या गर्ने योजना बनाएर अगुवाइ आफ्नो हातमा लिनुपर्ने उनीहरूको तर्क थियो। समाजका अरू सदस्य राजहत्याको प्रस्तावमा सहमत भएनन्। ठोस योजना र कार्यान्वयनको अभावमा गुप्त समाजमा निराशा बढ्दै गयो। यसैबिच समाजका बहुमत सदस्यले 'मुक्ति सङ्घ' विघटन गर्ने र व्यापक सदस्यतासहित अझ प्रभावकारी नयाँ गुप्त समाज बनाउने निर्णय गरे।

**समृद्धि सङ्घ**

मुक्ति सङ्घकै जगमा सन् १८१८ मा 'समृद्धि सङ्घ' नामक नयाँ गुप्त समाजको स्थापना भयो। सेना र निजामती सेवामा रहेका सुधारवादी युवाहरूलाई नयाँ समाजमा भित्र्याउन अगुवा सदस्यहरू सक्रिय भए। धेरैभन्दा धेरै कुलीन युवाहरूलाई सुधारको पक्षमा तान्ने हेतुले वैध सांस्कृतिक र साहित्यिक समाजहरूमा गुप्त समाजका सदस्यहरू सक्रिय भए। कानुनी समाजहरूमा हुने छलफलमा समृद्धि सङ्घका सदस्यहरूले भूदास प्रथा, अधिकारीहरूको स्वेच्छाचारिता, सेन्सरसीप, सेनाभित्रको क्रूर सजाय व्यवस्था आदिबारे मन्तव्य दिन्थे। उनीहरू बरोबर पत्रिकाहरूमा लेख लेख्थे। केही समयमै 'समृद्धि सङ्घ' को सदस्यता २ सयभन्दा बढी पुग्यो। तीमध्ये अधिकांश सदस्य सैन्य अधिकारी थिए। बाँकी सदस्य सैनिक सेवाबाहिरका जमिनदार एवम् सम्भ्रान्त युवा थिए। 'समृद्धि सङ्घ' को नीतिगत निर्णय गर्ने एउटा केन्द्रीय समिति र ६ जनाको अर्को कार्य समिति बनाइएको थियो। साथै, सेन्ट पिटर्सबर्गबाहेक मस्को र दक्षिणका तुलचिन, किसिनेभलगायत सहरमा क्षेत्रीय समिति बनाएर समाजको प्रभावलाई देशव्यापी बनाउने कोसिस भयो।

'समृद्धि सङ्घ' को विधानको पहिलो खण्डमा साङ्गठनिक ढाँचा र कानुनी गतिविधिबारे लेखिएको थियो। सीमित सदस्यलाई मात्र जानकारी दिइने दोस्रो खण्डमा समाजको अन्तिम उद्देश्यबारे लेखिएको थियो। सेना र सरकारी संरचनाहरूमा पहुँच बढाउँदै उपयुक्त समयमा सरकारलाई संविधान जारी गर्न बाध्य पार्ने समाजको मुख्य उद्देश्य थियो। भूदासहरूलाई मुक्त गर्ने दोस्रो उद्देश्य थियो। सैनिक सेवाको अवधि छोट्याउने अर्को महत्त्वपूर्ण उद्देश्य थियो। तिनताका एउटा सामान्य रूसी कुलीन युवाले सालाखाला २३ वर्ष सेना वा सरकारी सेवामा काम गर्नुपर्ने अनिवार्य प्रावधान थियो।


भियना सम्मेलनपछि जार अलेक्सान्दरले विशाल रूसी साम्राज्यको पूर्वदेखि पश्चिमसम्म भूदासहरूका सैनिक बस्ती बसालेका थिए। शान्तिको समयमा उत्पादनमा सहभागी गराउने र युद्धको समयमा लड्न पठाउने उद्देश्यले बनाइएका ती बस्तीहरूमा कडा सैनिक अनुशासन पालन गर्नुपर्थ्यो। बिहेवारी गर्न भूदासहरूले अधिकारीहरूको अनुमति लिनुपर्थ्यो। महिलाहरूले खाना पकाउन पनि साइरनको आवाज पर्खिनुपर्थ्यो। गर्भवती भएको जानकारी समयमै अधिकारीहरूलाई दिनुपर्थ्यो। उदार विचारका डिसेम्बरवादीहरू जेलसरहका ती सैनिक बस्तीहरूको विरोधमा थिए।

'समृद्धि सङ्घ' को अर्को उद्देश्य रूसी प्रशासनका मुख्य पदहरूबाट 'विदेशी' लाई निकाला गर्नु थियो। त्यस बखत सरकारका महत्त्वपूर्ण पदमा जारले जर्मन वा बाल्टिक क्षेत्रका विभिन्न जातका मान्छेलाई विश्वासका साथ नियुक्त गर्थे। 'रूसीहरू रूसको निम्ति काम गर्छन् भने अन्य जातिका मान्छेहरू जारको निम्ति काम गर्छन्' भन्ने जारको विश्वास थियो।

सन् १८२० देखि १८२२ सम्म इटालीको नेपल्स र पियडमोन्ट तथा स्पेन र ग्रीसमा संविधानको माग गर्दै सामन्तवादविरोधी विद्रोहहरू भए। युरोपमा स्थायित्व कायम गर्ने नाममा रूस, अस्ट्रिया र प्रसियाको संयुक्त सेनाले ती विद्रोहलाई निर्मतापूर्वक दबायो। त्यो प्रतिक्रियावादी साँठगाँठलाई 'पवित्र गठबन्धन' भनिन्छ। रूसी सम्राट अलेक्सान्दर त्यस गठबन्धनका नाइके थिए। गुप्त समाजका केही सदस्यमा जारमार्फत नै रूसमा सुधारका कार्यक्रमहरू लागु गर्न सकिन्छ कि भन्ने झिनो आशा थियो। विदेशमा क्रान्तिकारी आन्दोलनहरू दबाउन अलेक्सान्दरले देखाएको सक्रियताले 'बिन्तीपत्र होइन सैनिक विद्रोह' भन्ने भावना बलियो हुँदै गयो। शान्तिपूर्णरूपमा संविधान जारी गराउन सकिने सम्भावनाबारे सदस्यहरूमा शङ्का बढ्दै गयो। यसैबिच 'समृद्धि सङ्घ' मा जारलाई फालेर सम्पूर्ण व्यवस्था नै पल्टाउनुपर्छ र रूसी गणतन्त्र स्थापना गर्नुपर्छ भन्ने पक्षमा मत बढ्दै गयो। सङ्घको मूल नेतृत्व संवैधानिक राजतन्त्रको पक्षमा थियो, जारको हत्याको विरोधमा थियो।

यसैबिच राजधानीको सेम्योनोभ्स्की पल्टनमा घटेको एउटा घटनाले 'समृद्धि सङ्घ' लाई विघटनको सङ्घारमा पुर्‍यायो। सन् १८२० को शिशिरमा नयाँ आएका कर्नेलको क्रूर व्यवहारले पल्टनमा नरम विद्रोह निम्त्यायो। सैनिक अधिकारीहरूले पल्टनमा गुप्तरूपमा वितरण गरिएका दुइटा पर्चा भेट्टाए। एउटा पर्चामा जारलाई सबभन्दा ठुलो डाँकु घोषणा गरिएको थियो र जारको तानाशाहीविरुद्ध विधिको शासनको निम्ति विद्रोह गर्नुपर्ने लेखिएको थियो। अर्को पर्चामा अन्य पल्टनलाई आफ्ना सैनिक हाकिमहरूलाई गिरफ्तार गर्न र आफूमध्ये बाटै अफिसरहरू निर्वाचित गर्न आह्वान गरिएको थियो। यसमा 'समृद्धि सङ्घ' का सदस्यहरूको नैतिक समर्थन भए पनि प्रत्यक्ष संलग्नता थिएन। तर, त्यस घटनाले सजग बनेका जारले सेर्गेइ मुराम्योभजस्ता पल्टनका प्रगतिशील अफिसरहरूलाई राजधानीबाट निकाला गरी दक्षिणका छाउनीहरूमा पठाइदिए। पल्टनका सम्पूर्ण सैनिकलाई ककेसियाको लडाइँमा पठाइयो।

सेम्योनोभ्स्की घटनापछि कमजोर मन भएका नरम सदस्यहरू 'समृद्धि सङ्घ' बाट टाढिन थाले। राजधानी पिटर्सबर्ग र मस्कोका समूहहरू निष्क्रिय बने। अन्तत: विभिन्न शाखाका दर्जन मानिसहरूको भेलाले सन् १८२१ को सुरूमा समृद्धि सङ्घ' लाई विघटन गर्ने निर्णय गयो। समाजलाई 'उग्रपन्थी र पलायनवादीहरूको प्रभावबाट मुक्त गर्न र जारको आँखा छल्न गरिएको निर्णय थियो त्यो। केही सीमित विश्वासिला मानिसहरूको नेतृत्वमा 'उत्तरी समाज' को नाममा गुप्त समाज सक्रिय रह्यो। दक्षिणको युक्रेनी क्षेत्रमा रहेका शाखाहरूले विघटनको निर्णय स्वीकार गरेनन् र स्वतन्त्ररूपमा 'दक्षिणी समाज' को नाममा सक्रियता कायम राखे।




**उत्तरी र दक्षिणी गुप्त समाज**

उत्तरी गुप्त समाज केही समय निष्क्रिय रह्यो। त्यसमा आबद्ध सदस्यको सङ्ख्या औँलामा गन्न सकिने अवस्थामा पुग्यो। तर, सन् १८२३ बाट उत्तरी समाज फेरि चलमलाउन थाल्यो। कुमार सेर्गेइ त्रुबेत्स्कोइ, कुमार येभगेनी ओब्लेन्स्की र निकिता मुराभ्योभ गरी तीनजनाको कार्य समिति बन्यो। निकिता मुराभ्योभ पश्चिम युरोप र अमेरिकाका राजनीतिक साहित्यहरूको गहिरो अध्ययन गरेका व्यक्ति थिए। निकितालाई उनका समकालीनहरू एउटा विश्वविद्यालयसरह मान्थे। विद्रोहपछि स्थापना हुने नयाँ रूसको निम्ति उनले संविधानको खेस्रा गरेका थिए। त्यसलाई पछि निकिता संविधान' भनियो। जुनसुकै सम्राट संविधानको सीमाभित्र रहनुपर्छ र त्यसको लागि संवैधानिक राजतन्त्र उपयुक्त हुने उनको ठम्याइ थियो। भूदासहरूको मुक्ति र संवैधानिक व्यवस्था ल्याउन लामो समय शान्तिपूर्ण प्रचारको अवधि पार गर्नुपर्ने उनको मत थियो। उत्तरी समाजमा गणतान्त्रिक व्यवस्थाका पक्षधरहरूको पनि सहभागिता थियो।

दक्षिणी समाज गणतन्त्रवादी पाभेल पेस्तेलको नीतिगत नेतृत्वमा चलेको थियो। कार्यक्षेत्रमा सेम्योनोभ्स्की घटनापछि दक्षिण धपाइएका सेर्गेइ मुराभ्योभ र मिखाइल रुमिनजस्ता युवाहरू सक्रिय भए। निकिता मुराभ्योभले जस्तै पाभेल पेस्तेलले भावी रूसको निम्ति गणतान्त्रिक संविधान तयार पारेका थिए। राजनीतिक र सामाजिक परिवर्तनको निम्ति दक्षिणी समाजमा आबद्ध युवाहरू अधैर्य बनेका थिए। उनीहरू कुनै पनि स्वरूपमा जार वा राजासहितको व्यवस्थाको विरुद्धमा थिए। त्यसको निम्ति जारमात्र होइन, आवश्यक परे उनका सम्पूर्ण उत्तराधिकारीहरूको सफाया गर्नुपर्ने विचार केही सदस्यहरू राख्थे। पाभेल पेस्तेल भूदासहरूको मुक्तिसँगै राज्यको खेतीयोग्य जमिन आधा

*बाँकी पृष्ठ ७ मा*




सेर्गेइ त्रुबेत्स्कोइ



निकिता मुराभ्योभ



येभगेनी ओब्लेन्स्की



सेर्गेइ भोल्कोन्स्की



सुर्गेइ मुराभ्योभ



पाभेल पेस्तेल






अप्रिल २६, २०२४ का दिन इजरायलको उत्तरी गाजापट्टीको सिमानामा रहेको गाजापट्टीमा स्थायी युद्धविरामको लागि आह्वान गर्दै मानिसहरू इरेज क्रसिङतर्फ अघि बढ्दै । इस्लामिक प्रतिरोध आन्दोलन (हमास) ले शुक्रबार कुनै पनि विचार वा विचारका लागि खुलापन घोषणा गरेको छ । जारी इजरायली आक्रमणबाट गाजापट्टीमा प्यालेस्टिनीको मृत्यु हुने सङ्ख्या ३२३५६ पुगेको हमासद्वारा सञ्चालित स्वास्थ्य मन्त्रालयले शुक्रबार भनेको छ । *तस्बिर : सिन्ह्वा*

# प्यालेस्टिनी खेलाडीहरूलाई ओलम्पिकमा आमन्त्रित गरिनेछ- आईओसी

लुजान (स्विट्जरल्यान्ड), १५ वैशाख (एएफपी) । अन्तर्राष्ट्रिय ओलम्पिक समिति (आईओसी) का प्रमुख थोमस बाखले ६ देखि ८ प्यालेस्टिनी खेलाडीले पेरिस ओलम्पिकमा भाग लिने अपेक्षा गरिएको बताउनुभएको छ । उहाँका अनुसार खेलका लागि छनोट हुन अयोग्य भए पनि केहीलाई आईओसीले आमन्त्रण गर्नेछ ।

बाखले शुक्रबार एएफपीलाई जुलाई २६ देखि सुरु हुने पेरिस ओलम्पिक खेलका लागि धेरै खेलका छनोट कार्यक्रम जारी रहेको बताउनुभयो । "तर कुनै पनि प्यालेस्टिनी खेलाडी खेल मैदानमा छनोट भएन भने पनि योग्य खेलाडी नभएका अन्य राष्ट्रिय ओलम्पिक समिति जस्तै प्यालेस्टिनको ओलम्पिक समितिले आईओसीको निमन्त्रणाबाट लाभ उठाउनेछ", स्विट्जरल्यान्डको लुजानस्थित आइओसीको मुख्यालयमा एक अन्तरवार्तामा उहाँले भन्नुभयो ।

बाखले गाजामा 'युद्धको पहिलो दिनदेखि' नै आईओसीले 'खेलाडीहरूको योग्यतामा भाग लिने र आफ्नो प्रशिक्षण जारी राख्ने अनुमति दिनका लागि विभिन्न तरिकामा समर्थन गरेको' जानकारी दिनुभयो ।

इजराइल र गाजामा युद्धको तुलनामा युक्रेनमाथिको आक्रमणलाई लिएर आईओसीले रुसलाई फरक व्यवहार गरेको भन्ने भनाइलाई बाखले अस्वीकार गर्नुभयो । युक्रेनमा आक्रमण गरेपछि रुसलाई धेरै अन्तर्राष्ट्रिय खेलबाट निलम्बन गरिएको थियो र उसका खेलाडीहरूलाई पेरिस २०२४ ओलम्पिकमा राष्ट्रिय झन्डामुनि रहेर प्रतिस्पर्धा गर्न प्रतिबन्ध लगाइएको थियो ।

पेरिस ओलम्पिकमा भाग लिनका लागि रुसले युक्रेनविरुद्धको युद्धलाई सार्वजनिकरूपमा समर्थन नगरेको र सेना वा सुरक्षा सेवाहरूले काम नगरेको हुन आवश्यक छ । सन् २०२२ मा बेइजिङमा आयोजित शीतकालीन ओलम्पिकलगत्तै युक्रेनमा आफ्नो आक्रमणमा मस्कोले 'ओलम्पिक युद्धविरामको' उल्लङ्घन गरेको र युक्रेनी खेल सङ्गठनहरूलाई कब्जा गरेको कारण रुसमाथि प्रतिबन्ध लगाइएको थियो ।

"इजराइल र प्यालेस्टिनबीचको अवस्था पूरै भिन्न छ", बाखले भन्नुभयो । इजराइलमा हमासको आक्रमण र गाजामा युद्धको 'भयानक परिणामहरू' प्रति युक्रेनको सार्वजनिक भनाइमा एकअर्काप्रति समान रहेको बाखले बताउनुभयो ।

उहाँले भन्नुभयो, "पहिलो दिनदेखि हामीले अक्टोबर ७ र फेरि युद्ध तथा त्यसको परिणामका बारेमा हामी कति भयभीत थियौं भनेर भनेका थियौं । हामीले युक्रेनमा रुसी आक्रमणलाई लिएर सधैं स्पष्ट छौं ।"

# उत्तरप्रदेशबाट अवैधरूपमा बिहार लगिएका ९५ बालबालिकाको अयोध्यामा उद्धार

अयोध्या (भारत), १५ वैशाख ( एएनआई) । उत्तरप्रदेश बाल आयोगले शुक्रबार बिहारबाट अवैधरूपमा उत्तरप्रदेश लगिएका ९५ बालबालिकाको उद्धार गरेको छ। यस घटनाले बाल बेचबिखन बारेको चिन्तालाई प्रकाश पारेको छ ।

अयोध्या बाल कल्याण समिति ( सीडब्ल्युसी) का अध्यक्ष सर्वेश अवस्थीले शुक्रबार उत्तरप्रदेश बाल आयोगकी सदस्य सुचित्रा चतुर्वेदीबाट घटनाको जानकारी पाएपछि सिडब्ल्युसीका सदस्यहरूले बच्चाहरूको उद्धार गरेको बताउनुभयो ।

"बिहान नौ बजेतिर उत्तरप्रदेश बाल आयोगकी सदस्य सुचित्रा चतुर्वेदीले फोन गरेर बिहारबाट साना बच्चाहरूलाई अवैधरूपमा सहारनपुर लगिएको र उनीहरू गोरखपुरमा रहेको तथा अयोध्या हुँदै जान लागेको सूचना दिनुभएको थियो । हामीले उनीहरूको उद्धार गऱ्यौं । उनीहरूलाई खाना दियौं र चिकित्सा सहयोग गऱ्यौ", अवस्थीले भन्नुभयो ।

उहाँका अनुसार उद्धार गरिएका बालबालिका चारदेखि १२ वर्ष उमेर समूहका छन् ।

"बालबालिका ल्याउनेहरूसँग उनीहरूको आमाबुबासँगको कुनै सहमतिपत्र थिएन, ९५ बालबालिकाको उमेर चारदेखि १२ वर्षको बिच छ र उनीहरूमा अधिकांशले आफूलाई कहाँ लैजान खोजिएको हो भन्नेबारे केही थाहा नभएको बताएका छन्, आमाबुबासँग सम्पर्क गर्ने प्रयास भइरहेको छ र बालबालिकाहरू आइपुगेपछि आमाबाबुलाई सुम्पिइने छ", अवस्थीले भन्नुभयो ।

यसअघि बिहारका बालबालिकाहरूको एक समूहलाई मदरसाहरूमा पठाउँदै गर्दा उत्तरप्रदेशको बाल आयोगले गोरखपुरबाट उद्धार गरेको थियो । राष्ट्रिय बाल अधिकार संरक्षण आयोगको आदेशमा राज्य बाल प्यानलले उनीहरूको उद्धार गरेको थियो ।

राष्ट्रिय बाल अधिकार संरक्षण आयोग (एनसीपीसीआर) का अध्यक्ष प्रियङ्का कानुनगोले सामाजिक सञ्जाल एक्सको एक पोस्टमार्फत बालबालिकाको उद्धार भएको सार्वजनिक गर्नुभएको छ ।

"बिहारबाट अन्य राज्यका मदरसाहरूमा पठाइएका निर्दोष बालबालिकालाई एनसीपीसीआरको निर्देशनमा उत्तरप्रदेश राज्य बाल आयोगको सहयोगमा गोरखपुरमा उद्धार गरिएको छ", उहाँले भन्नुभयो, "भारतको संविधानले हरेक बालबालिकालाई शिक्षाको अधिकार दिएको छ, प्रत्येक बालबालिकाका लागि विद्यालय जानु अनिवार्य छ, यस्तोमा गरिब बालबालिकालाई अन्य राज्यमा लगेर धर्मका आधारमा चन्दा कमाउनका लागि मदरसामा राख्नु संविधानको उल्लङ्घन हो ।"

# नासाको अध्ययनले पृथ्वीका नदीहरूको नयाँ विश्वव्यापी लेखाजोखा प्रदान गर्ने

लस एन्जलस, १५ वैशाख ( सिन्ह्वा) । नासाका अन्वेषकहरूको नेतृत्वमा गरिएको अध्ययनले पृथ्वीका नदीहरूबाट कति पानी बग्छ भन्ने नयाँ अनुमान उपलब्ध गराएको छ । यो पृथ्वीको जलचक्र बुझ्न र यसको ताजा पानीको आपूर्ति व्यवस्थापन गर्न महत्त्वपूर्ण जानकारी हो ।

दक्षिणी क्यालिफोर्नियामा नासाको 'जेट प्रोपल्सन प्रयोगशाला' का अन्वेषकहरूले नयाँ विधि प्रयोग गरे । प्रयोगले 'स्ट्रिम-गेज' मापनलाई विश्वभरका करिब ३० लाख नदी खण्डहरूको कम्प्युटर मोडेलहरूसँग जोडेको छ । स्ट्रिम गेज स्ट्रिममा पानीको स्तरको उचाइ मापन गर्न प्रयोग गरिने उपकरण हो ।

नेचर जियोसाइन्समा हालै प्रकाशित अध्ययनले सन् १९८० देखि सन् २००९ सम्म पृथ्वीका नदीहरूमा पानीको कूल मात्रा औसतमा दुई हजार दुई ४६ घन किलोमिटर रहेको अनुमान गरेको छ ।

अन्वेषकहरूले अमेजन बेसिनले विश्वको नदीको पानीको लगभग ३८ प्रतिशत समावेश भएको अनुमान गरेका छन् । यो कुनै पनि जलविज्ञान क्षेत्रको मूल्याङ्कन गरिएको सबैभन्दा धेरै हो

पृथ्वीको जलचक्रमा मानव प्रभावको मापनमा सुधार गर्न सकियोस् भनेर अध्ययनका अनुमानहरूको तुलना अन्तर्राष्ट्रिय सतही जल र महासागर टोपोग्राफी (एसडब्ल्युओटी) उपग्रहको डाटाबाट गर्न सकिने नासाले शुक्रबार बताएको छ ।

सतही जल र महासागर टोपोग्राफी नासा, फ्रान्सेली अन्तरिक्ष एजेन्सी, क्यानाडाली स्पेस एजेन्सी र युनाइटेड किङ्गडम स्पेस एजेन्सी बिचको संयुक्त सहयोग हो । यी सर्वेक्षणद्वारा सङ्कलन गरिएका तथ्याङ्कहरूले विश्वभरको ताजा पानी व्यवस्थापनमा सहयोग गर्दै समुद्री परिसंचरण मोडेलहरू र मौसम पूर्वानुमानहरू सुधार गर्न सक्छन् ।

सन् २०२२ डिसेम्बरमा सुरु गरिएको अन्तर्राष्ट्रिय सतही जल र महासागर टोपोग्राफीले विश्वभर पानीको उचाइको म्यापिङ गर्ने र नदीको उचाइमा हुने परिवर्तनले भण्डारण र डिस्चार्जको मात्रा निर्धारण गर्ने तरिकाको प्रस्ताव गर्दछ ।

## विश्व सङ्क्षेप

# विद्यमान चुनौतीहरू पार गर्न पाकिस्तानले आर्थिक सुधारमा जोड

इस्लामाबाद, १५ वैशाख (सिन्ह्वा) । पाकिस्तानका प्रधानमन्त्री शाहबाज सरिफले शुक्रबार आफ्नो सरकारले वित्तीय क्षेत्रमा जारी चुनौतीलाई सम्बोधन गर्न लगनशील भई आर्थिक सुधारका मार्गहरू पछ्याउँदै गएको बताउनुभएको छ ।

सङ्घीय मन्त्रिपरिषद्को बैठकमा उहाँले सबै सरकारी विभागको सामूहिक प्रयासबाट देशको अर्थतन्त्र सुधारको बाटोमा रहेको बताउनुभयो । आर्थिक सूचक र तथ्याङ्कमा देखिएको सुधारलाई अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरूले पनि हेरेको र स्वीकार गरेको उहाँको भनाइ थियो ।

उहाँले कीर्तिमानी प्रविधि निर्यात, विदेशी विप्रेषणमा वृद्धि र मुलुकको समग्र निर्यातले सकारात्मक आर्थिक मार्गप्रशस्त गरेको बताउनुभयो । देशमा बिजुलीको बढ्दो मूल्यका बारेमा कुरा गर्दै सरिफले सरकारले व्यापक नीति लागु गरिरहेको र बिजुली चोरी कम गर्न तथा मूल्य घटाउन कदम चालेको बताउनुभयो ।

# चाङ ई-६ चन्द्रमाको अनुसन्धान प्रक्षेपण गर्ने चीनको तयारी

वेन्चाङ (हेनान, चीन), १५ वैशाख (सिन्ह्वा) । चीनको राष्ट्रिय अन्तरिक्ष प्रशासन (सिएनएसए) ले चन्द्रमाको अनुसन्धान गर्न मेको प्रारम्भमा उचित समयमा चाङ ई-६ लाई प्रक्षेपण गर्नका लागि निर्धारण गरिएको जनाएको छ ।

चाङ ई-६ चन्द्रमा अनुसन्धान र लङ मार्च-५ वाई ८ वाहक रकेट संयोजनलाई शनिबार दक्षिण चीनको हेनान प्रान्तमा वेन्चाङ अन्तरिक्ष प्रक्षेपण केन्द्रबाट प्रक्षेपण क्षेत्रमा स्थानान्तरण गरिएको सिएनएसएले बताएको छ ।

हटाउन योग्य प्रक्षेपण प्याडमा संयोजनलाई ठाडो परीक्षण भवनबाट बाहिर लगिएको थियो र पुनः सुरक्षितरूपमा प्रक्षेपण क्षेत्रमा सारिएको थियो । प्रक्षेपणअघि कार्यात्मक जाँच, संयुक्त परीक्षण कार्य र प्रक्षेपण योग्य बनाइने छ ।

चाङ ई-६ चन्द्रमा अनुसन्धान र लङ मार्च- वाई ८ वाहक रकेट क्रमशः जनवरी र मार्चमा प्रक्षेपण स्थलमा पुगेपछि क्रमिकरूपमा एसेम्बली, परीक्षण र अन्य तयारी पूरा भएको थियो ।

चन्द्रमाको टाढाबाट नमूना सङ्कलन गर्नका लागि अनुसन्धानको तयारी गरिएको छ । यो मानव इतिहासमा आफ्नै प्रकारको पहिलो मिसन हुनेछ ।

# संयुक्त राष्ट्र सङ्घीय प्रमुखद्वारा स्वच्छ ऊर्जाका लागि निष्पक्ष खनिज स्रोत सुनिश्चित गर्न पहल

संयुक्त राष्ट्रसङ्घ, १५ वैशाख (सिन्ह्वा) । संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले शुक्रबार स्वच्छ ऊर्जा परिवर्तनको लागि लागि आवश्यक खनिजहरूको खरिद र प्रयोगमा निष्पक्षता, दिगोपन र मानव अधिकारलाई एकीकृत गर्ने उद्देश्यले नयाँ पहल सुरु गर्नुभएको छ ।

सरकार, सङ्गठन र राष्ट्रसङ्घीय निकायहरूको विविध समूहलाई एकताबद्ध गर्ने उक्त पहलले 'क्रिटिकल एनर्जी ट्रान्जिसन मिनरल्स' मा प्यानलको सुरुआत गर्दछ । प्यानललाई ऊर्जा सङ्क्रमणमा वातावरणीय र सामाजिक मापदण्डहरू कायम राख्न साझा र स्वैच्छिक सिद्धान्तहरूको सेट विकास गर्ने जिम्मेवारी दिइएको छ ।

महासचिव गुटेरेसले प्यानल लञ्चका क्रममा भन्नुभयो, "नवीकरणीय ऊर्जाद्वारा सञ्चालित संसार महत्त्वपूर्ण खनिजहरूको लागि भोको संसार हो ।"

उक्त पहल पहिलोपटक दुबईमा कोप-२८ जलवायु शिखर सम्मेलनमा घोषणा गरिएको र सेप्टेम्बरमा उच्चस्तरीय संयुक्त राष्ट्र महासभा सप्ताहअघि आफ्नो प्रारम्भिक सिफारिसहरू प्रस्तुत गर्न तयार रहेको छ । कोप-२८ भनेको जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसङ्घको फ्रेमवर्क कन्भेन्सनको पक्षहरूको सम्मेलनको २८ औं बैठक हो ।

सौर्य प्यानल, पवन टर्बाइन र विद्युतीय सवारीजस्ता नवीकरणीय ऊर्जा प्रविधिहरूका लागि महत्त्वपूर्ण खनिजहरूको माग बढेको छ । यसको उदाहरणका लागि राष्ट्रसङ्घीय व्यापार तथा विकास निकायले उच्च दक्षता ब्याट्री र इलेक्ट्रोनिक्सका लागि आवश्यक लिथियमको माग १५ हजार प्रतिशतभन्दा बढीले बढ्न सक्ने अनुमान गरेको छ ।

त्यस्ता बढ्दो मागहरूले धेरै विकासशील देशहरूका लागि विशेषगरी अफ्रिकामा महत्त्वपूर्ण अवसर प्रदान गरेको छ । अफ्रिकाले ऊर्जा सङ्क्रमणका लागि महत्त्वपूर्ण दर्जन धातुहरूको विश्वव्यापी भण्डारको पाँचौं भाग ओगटेको छ ।

# नेपालमा लगानी गर्न खोजेका विषयहरू

✍ डीपी काफ्ले

नेपाल सरकारले वैशाख १६ गतेदेखि विश्वका लगानीकर्ताहरूलाई बोलाएर लगानी सम्मेलन गर्दै छ। पहिलो र दोस्रो सम्मेलनमा लगानी गर्ने निर्णय भए पनि खासै यसको प्रभाव परेको थिएन। नेपालले भारतबाट विद्युत् खरिद गर्न र नेपाली युवाहरू बिदेसिने क्रम रोकिएको छैन। नेपाल सरकारसँग विकास गर्ने र युवाहरूलाई रोजगारी दिन इच्छाशक्ति, समर्पण, प्रतिबद्धता देखिएको छैन।

एक जना विदेशी टोनी हेगन भन्ने अनुसन्धानकर्ताले नेपाल सरकार र नेपाली नागरिकसँग विकासप्रति कुनै प्रतिबद्धता र इच्छाशक्ति छैन, यिनीहरू विदेशको मुख ताकेर बस्छन् भनेका थिए। नेपालको विकासमा सरकार लागिपरेको छैन। सरकारलाई विदेशीको दलाल बन्नु र नागरिकलाई झोले बन्दै ठीक छ।

सरकारसँग विदेशी लगानी ल्याउन कुनै कार्यक्रमको सुरक्षा र विश्वासका आधारहरू छैनन् शासकहरूले विकास, लगानी, उत्पादन, आर्थिक समृद्धिको कुरा उठाए पनि उनीहरू सत्ता गठबन्धनमा मात्र सीमित छन्।

यसपालिको लगानी सम्मेलनमा सरकारले ऊर्जा, पर्यटन, टेक्नोलोजी, कृषि, भौतिक पूर्वाधार, स्वास्थ्य, शिक्षा, यातायात, खानी तथा भूगर्भ, बस्ती विकास आदि आयोजनाहरू पेस गर्नेछ। विदेशीसामु लगानी बोर्डको कार्यालयले सोकेश गरिने परियोजनाहरूको सूची नै पेस गर्नेछ। तर, विदेशीहरूको लगानी रकम कति भित्र्याउने हो ? हेर्न बाँकी छ।

**लगानी बोर्डको मिति २०८०/१२/२२ मा बनेको ५७ औँ बोर्ड बैठकबाट देहायबमोजिमको निर्णय भएको थियो।**

१) आगामी वैशाखमा आयोजना हुने लगानी सम्मेलनमा सोकेश गरिने परियोजनाहरूको सूची आगामी बोर्ड बैठकमा पेस गर्ने।

(२) लगानी बोर्डको कार्यालयबाट पूर्व सम्भाव्यता अध्ययन सम्पन्न गरिएका निम्नबमोजिमका परियोजनाहरूको आशयपत्र आह्वान गर्न लगानी बोर्डको कार्यालयले तयार गरी पेस गर्ने।

**परियोजनाको नाम**

पोखरा अन्तर्राष्ट्रिय सम्मेलन तथा प्रदर्शनी केन्द्र (PICC)

चन्द्रागिरि-चित्लाङ-पालुङ-चितवन द्रुतमार्ग

जानकी हेरिटेज होटल एन्ड कल्चरल भिलेज, जनकपुर

धुलिखेल मेडिसिटी अस्पताल, धुलिखेल

सुदूरपश्चिम सार्वजनिक यातायात

**प्राविधिक समितिको मिति २०८०/१२/२५ मा बसेको बैठकले देहायको निर्णय गरेको थियो।**

१. लगानी बोर्डको परिधिमा पर्ने निम्नबमोजिमका परियोजनाहरूको आशय पत्र (EOI) लगानी बोर्डको कार्यालयले आवश्यक तयारी गरी लगानी सम्मेलनमा आशय पत्र जारी गर्नको लागि स्वीकृतिका लागि कार्यान्वयन समितिलाई सिफारिस गर्ने।

१. पोखरा अन्तर्राष्ट्रिय सम्मेलन तथा प्रदर्शनी केन्द्र (PICC) परियोजना

२. चन्द्रागिरी-चित्लाङ- पालुङ- चितवन द्रुतमार्ग परियोजना

३. जानकी हेरिटेज होटल एन्ड कल्चरल भिलेज परियोजना

४. धुलिखेल मेडिसिटी परियोजना

४. बबरमहल प्रशासनिक प्लाजा परियोजना

६. नौमुरे बहुउद्देश्सीय जलविद्युत् परियोजना

७. सुदूरपश्चिम सार्वजनिक यातायात परियोजना

८. कालीगण्डकी २ जलाशययुक्त जलविद्युत् परियोजना

९. भारभुङ्ग जलाशययुक्त जलविद्युत् परियोजना

१०. खिम्ती ठोसे जलाशययुक्त जलविद्युत् परियोजना

११. दैजी औद्योगिक क्षेत्र विकास परियोजना

१२. धौवादी फलाम खानी परियोजना (EOI call गर्नका लागि अर्थ मन्त्रालयको निजीकरण।

**निम्नबमोजिमका परियोजनाहरूको आशय पत्र (EOI) लगानी सम्मेलनमा तालुकदार निकायले जारी गर्नको लागि स्वीकृतिको लागि कार्यान्वयन समितिलाई सिफारिस गर्ने।**

१. महादेव खोला जलाशययुक्त खानेपानी आयोजना (खानेपानी मन्त्रालय)

२. कर्णाली चिसापानी वायु ऊर्जा परियोजना (ऊर्जा, सिँचाइ तथा जलस्रोत मन्त्रालय)

३. हुम्ला कर्णाली जलविद्युत् परियोजना (ऊर्जा, सिँचाइ तथा जलस्रोत मन्त्रालय)

४. अपर चमेलिया जलविद्युत् परियोजना (ऊर्जा, सिँचाइ तथा जलस्रोत मन्त्रालय)

५. पाँचखाल सेज (विशेष आर्थिक क्षेत्र प्राधिकरण)

६. कवाडी खोला जलविद्युत् परियोजना (ऊर्जा, सिँचाइ तथा जलस्रोत मन्त्रालय)

७. टोस डोगर बुढीगण्डकी जलविद्युत् परियोजना (ऊर्जा, सिँचाइ तथा जलस्रोत मन्त्रालय)

८. सुपर बुढीगण्डकी जलविद्युत् परियोजना (ऊर्जा, सिँचाइ तथा जलविद्युत् मन्त्रालय)

त्यस्तै निम्न ७ वटा परियोजनाहरूको लगानी सम्मेलनमा Market Sounding तयारी गर्नको लागि स्वीकृतिका लागि कार्यान्वयन समितिलाई सिफारिस गर्ने।

१) सिस्नेरी खानेपानी आयोजना

२. मलेखु-लोथर सडक र सुरुङ मार्ग आयोजना

३. दाउन्ने खण्ड सडक सुरुङ मार्ग आयोजना

४ खप्तड एकीकृत पर्यटन विकास परियोजना

५. मिर्चैया-कटारी-घुर्मी सडक आयोजना

६. धरान लेउती सडक सुरुङ मार्ग आयोजना

७. शक्तिखोर औद्योगिक क्षेत्र विकास परियोजना (Shaktikhor Industrial District), Chitwan

त्यस्तै ३१ वटा परियोजनाहरू Ideation Stage का परियोजनाको रूपमा प्रस्तुतीकरण (showcase) गर्नको लागि स्वीकृतिका लागि कार्यान्वयन समितिलाई सिफारिस गर्ने निर्णय गरिएको छ।

यसैगरी अन्य दर्जनौँ परियोजनाहरू वित्तीय व्यवस्थापनको लागि प्रस्तुतीकरण गर्नको लागि स्वीकृतिका लागि कार्यान्वयन समितिलाई सिफारिस गर्ने निर्णय गरिएको छ।

त्यस्तै २० वटा परियोजनाहरू निजी क्षेत्रबाट प्रस्तुतीकरण गर्नको लागि स्वीकृतिका लागि कार्यान्वयन समितिलाई सिफारिस गर्ने निर्णय गरिएको छ।

लगानी सम्मेलनको सचिवालय तथा लगानी बोर्डको कार्यालयबाट बनाइएको 2–pager को डिजाइन र content हेरी आवश्यक सुधार गरी आशय पत्र जारी गरिने र market sounding गरिने परियोजनाहरूको 2–pager information लगानी सम्मेलनको www.investinnepal.gov.np मा upload गर्न सिफारिस गर्ने निर्णय गरिएको छ।

प्राविधिक समितिको मिति २०८०/१२/२५ को निर्णयानुसार पेस भएका संलग्नअनुसारका परियोजनाहरू लगानी सम्मेलनमा Showcase गर्न स्वीकृति दिने। उल्लेखित आयोजनाहरू मध्ये Eol Call गरिने आयोजनाहरूको Eol Document लगायतका कागजात वैशाख १० गतेभित्रै लगानी बोर्डको कार्यालय तथा सम्बन्धित मन्त्रालय/निकायहरूले तयार गर्ने निर्णय गरिएको छ।

लगानी आयोजनाहरू मन्त्रीहरूका वरिपरि देखिन्छन् तर देश र जनताको हितको लागि देखिँदैनन्। नेपाली जनता भन्ने गर्छन्, "देशलाई परनिर्भर, उपनिवेश तथा आफ्नो खल्ती भर्न नेताहरू विभिन्न बहाना गर्छन्, अत: सबैले होसियार हुन जरुरी छ।" देशको गोपनीयता बाहिर ल्याएर कतै देशमाथि हस्तक्षेप बढाउने काम त सरकारले गरिरहेको छैन ?

# मध्यपूर्वमा इरान-इजरायलको लडाइँबारे सङ्क्षिप्त चर्चा

✍ हिमालयश्वर मूल

सन् १९९० मा रुसी महाशक्ति पतनपश्चात् एक धुव्रीय शक्तिको रूपमा विश्वमा एकछत्र शासन गर्दै आएको संरा अमेरिका मध्यपूर्वकै लडाइँमा अन्त्य हुने सम्भावना नजिकिँदै छ। अमेरिकाको छत्रछायाँमा मध्यपूर्वमा प्यालिस्टिन, लेवनान, जोर्डन, इरान, इराक, इजिप्ट, अरब राष्ट्रमाथि दादागिरी चलाउँदै आएको इजरायलको इरानसँग युद्ध लड्ने साहस छैन। इजरायलले १ अप्रिलमा सिरियामा रहेको इरानको राजदूतावासमा हमला गरी २ जना उच्च सैनिक कमान्डरसहित १७ जना मारिएपछि जवाफी बदला लिन इजरायलको राजधानीमा ३०० ड्रोन क्षेप्यास्त्र हमला गरियो। इरान हिजोको १९६७ को होइन भन्ने कुरा इजरायलले बुझ्न जरुरी छ।

४७ वर्षअगाडि प्यालेस्टिन, इजिप्ट, लेवनान, सिरिया, इराक, इरानलगायत ७ राष्ट्रमाथि विजय प्राप्त गरेको घमण्ड गर्नु अहिले इजरायलको लागि दु:साहस हुनेछ। विश्व निकै बदलिसकेको छ। अमेरिकी महाशक्ति दुर्वल हुँदै अन्त्य हुने अवस्थामा पुगिसकेको छ। आफ्नो शक्तिको केन्द्र रहेको अमेरिका आफ्नै सैनिक अखडा जोगाउन नसक्ने देशले इजरायललाई पूर्ण युद्धमा साथ दिन सक्ने अवस्था छैन।

हालैको गाजामा गरेको इजरायली नरसंहार र युद्ध विरामको प्रस्तावसमेतमा अमेरिकाले खुलेर भिटो प्रयोग गऱ्यो। अमेरिका र इजरायल विश्वबाट नाङ्गिँदै छन्। विश्व दुई धुवमा विभाजित भइसकेको छ। युक्रेन र रुसीबिचको युद्ध र प्यालिस्टिन र इजरायलको वर्तमान युद्धले विश्व विभाजित भइरहेको छ। सन् १९९० को इराक, कुवेतको युद्धबाट खाडी राष्ट्रका मुलुकमा प्रभाव जमाउन सफल भएको अमेरिका ११ सेप्टेम्बर २००१ मा विनलाडेनद्वारा न्युयोर्कको दुई गगनचुम्बी व्यापारिक भवनमा हमला भएपछि अमेरिका मध्यपूर्वको युद्धमा फस्यो। आईएसएस, अल्कायडाको अन्त्यको नाउँमा सन् २००१ मा अफगानिस्तानमाथि हमला गरेर विनलाडेनको हत्या गरियो। सन् २००२ मा रासायनिक, आणविक हतियार निर्माण गऱ्यो भन्दै इराकविरुद्ध झूटको राजनीति सुरु गरियो। अमेरिकी नेतृत्वमा ३० पश्चिमी राष्ट्रको साथमा इराकमाथि हमला गरियो। अन्तत: इराकका राष्ट्रपति सद्दामहुसेनलाई मारियो। त्यसलगत्तै लिवियाका राष्ट्रपति कर्णेल गद्दाफीको हत्या गरियो। यसरी मध्य एसिया अशान्त रह्यो। सन् २००१ सेप्टेम्बर ११ मा अमेरिकाको न्युयोर्कमा विन लाडेनको आक्रमणपछि तत्कालीन राष्ट्रपति जर्ज डब्लु बुस र ओबामा प्रशासनअन्तर्गतको अमेरिकी साम्राज्यवादी शक्तिलाई चीनविरुद्ध प्रयोग गर्न मध्य एसिया प्यासिफिक महासागरमा केन्द्रित भए। तर, उदाउँदो इरानको क्षेत्रीय शक्तिबिच अमेरिकासँग द्वन्द्व बढ्दै गयो। इरानमाथि आर्थिक नाकाबन्दी लगाइयो। मध्यपूर्वबाट अमेरिका मुक्त रणनीति बनाउँदै गर्दा इरानले आधुनिक हतियारलाई तीव्र विकास गर्दै शक्ति प्रयोगको नाउँमा लामो दुरीमा मिसाइल परीक्षण गऱ्यो। अमेरिकाले अन्य प्रशान्त, एटलान्टिक, पश्चिम एसिया, एसियामा आफ्नो एजेन्टमार्फत सत्ता पल्टाउन छद्म युद्ध (प्रोक्सी वारको) नीति लियो। आज मध्यपूर्वबाट इजरायल र अमेरिकाविरुद्ध इरान, प्यालेस्टिन, लेवनान तथा अन्य खाडी राष्ट्रमा लडाइँ सुरु हुँदै छ।

इरान अमेरिका इजरायलसँगको संयुक्त शक्तिसँगको प्रतिरोध युद्धमा, प्यालेस्टिनमा हमास, लेवनान र इजरायलमा हिजुबुल्लाह, यमनमा हुथी, सिरियामा जायनावियुनजस्ता मिलिसिया तयार गरेर प्रोक्सी युद्ध गर्दै छ।

हालै जोर्डनमा रहेको सैनिक अखडामाथिको आक्रमणमा अमेरिकी सेना १२ जनाको मृत्यु र ५० जनाभन्दा बढी घाइते भइसकेको छ। इजरायलमा जाने कुनै पनि सैनिक या मालबाहक जहाजमा यमनका हुथी लडाकुले आक्रमण गर्दै ध्वस्त बनाउँदै आएको छ। तर, अमेरिका र बेलायतलगायतको गठबन्धनले यमनका हुथी लडाकुमाथि गरिएको आक्रमणबाट खासै क्षति पुऱ्याउन सकेन। यमनको हुथी लडाकु इरान समर्थक हुन्। इजरायलले गाजामा आक्रमण बन्द नगरेसम्म लालसागरबाट जहाज जान नदिने घोषणाका साथ यमनको हुथी लडाकु युद्धमा होमिएको छ। यसले आज इजरायलको अर्थतन्त्रमा निकै नराम्रो प्रभाव पारेको छ। किनकि, इजरायल निर्यातको प्रमुख मार्ग बन्द छ। अफ्रिका भएर सामान निर्यात गर्दै मूल्यमा धेरै वृद्धि हुन गइरहेको छ।

अब इजरायलमाथि इरानले ३०० ड्रोन र मिसाइलद्वारा आक्रमण गरी १ अप्रिलमा सिरियाली २ कमान्डरसहित १३ जना सैनिकहरूको हत्याको बदला लिइसकेको छ। इरानले यसलाई प्रत्याक्रमण तथा बदला लिने वाचा पूरा गरेको भनी युद्ध गरेको छ। तर, यसको बदला इजरायलले इरानमाथि साङ्केतिक आक्रमण गरेको छ। यसको प्रमुख कारण अमेरिकासमेत प्रत्यक्ष इजरायलसँगको युद्धमा जानुपर्ने तथा यसले सबै अरब राष्ट्र तथा खाडी राष्ट्रसँग दुश्मनी मोल्नुपर्ने परिस्थितिको आकलन गरिएको छ। साँच्चै इजरायल प्रत्यक्ष अमेरिकासँग मिलेर इरानमाथि आक्रमण गरे तेस्रो विश्वयुद्धसमेत हुन सक्ने अवस्था रहेको धेरै राजनैतिक विश्लेषकहरू बताउँछन्।

इरानसँग जोडिएका खाडी मुलुकहरू यमन, साउदी अरब, टर्कीएलगायत धेरै देशले आफ्नो भूमि र आकाशमार्ग प्रयोग गर्न नदिने घोषणा गरिसकेका छन्। इरानले पनि ती राष्ट्रलाई आफूविरुद्ध भूमिका प्रयोग गरिए सह्य नहुने चेतावनी दिइसकेको छ।

साम्राज्यवाद र नवउपनिवेशवादको अन्त्य विश्वबाट समाप्त नभएसम्म युद्धको अन्त्य हुनेछैन। तेस्रो गरिब निर्धन राष्ट्रहरू स्वतन्त्र राज्य स्थापना हुनसक्दैनन्। आज हामीजस्ता एसियाली मुलुक, अफ्रिकी मुलुक, ल्याटिन अमेरिकी देश र मध्यपूर्वका धेरै देशहरू अमेरिकी साम्राज्यवादी प्रमुखबाट मुक्त हुन सकिरहेका छैनन्।

तर, मजदुर, किसान र न्यायप्रेमी जनता साम्राज्यवादीहरूविरुद्ध लड्न तयार छन्। सर्वहारावर्गका महान् गुरु लेनिनले साम्राज्यवादी स्वार्थमा केन्द्रित युद्धको विरोध गर्नुभएको थियो। उहाँउत्पीडित पक्षको न्यायोचित लडाइँको पक्षमा हुनुहुन्थ्यो। सन् १९४५ मा दोस्रो विश्वयुद्ध समाप्त भएपछि चीन, पूर्वी जर्मन, हङ्गेरी, चेकोस्लाभिया, पोल्यान्ड, उत्तर कोरिया, भियतनाम, लावस, कम्बोडियालगायत एसियाली तथा युरोपियन राष्ट्रहरूमा समाजवादी क्रान्ति भएको थियो।

**गुप्त...**

राष्ट्रियकरण गर्ने र आधा मुक्त किसानहरूलाई वितरण गर्ने पक्षमा थिए।

दुवै गुप्त समाजमा विद्रोहको सफलतापछि कस्तो व्यवस्था ल्याउने भन्ने विषयमा व्यापक बहस हुन्थ्यो। तर, विद्रोह सफल पार्न कसरी अगाडि बढ्नुपर्छ भन्ने विषयमा अन्योल थियो। दुवै गुप्त समाज सन् १८२० को स्पेनी विद्रोहजस्तै शुद्ध सैनिक विद्रोहको माध्यमबाट अगाडि बढ्ने तर सकेसम्म थोरै रगत बगाउने पक्षमा थिए। फ्रान्सेली क्रान्तिमा जस्तै व्यापक जनतालाई समेट्दा विद्रोहले अराजकता निम्त्याउँछ भन्ने विचार प्रभावशाली थियो। जनतालाई सङ्गठित गर्ने कुरामा उनीहरूले ध्यान दिएका थिएनन्।

सन् १८२३ मा पाभेल पेस्तोलले दक्षिणी गुप्त समाज कुनै पनि समयमा विद्रोहको निम्ति तयार रहेको खबर उत्तरी समाजमा पठाए र उत्तरी समाजको साथ खोजे। तर, उत्तरी समाज तत्काल विद्रोहको निम्ति तयार थिएन। संयुक्त छलफलमा विद्रोह दुवै समाजको सहमतिमा मात्र अगाडि बढाउने टुङ्गो लाग्यो। दुवै समाजले छुट्टाछुट्टै आ-आफ्नो तयारी अगाडि बढाइरहे।

सन् १८२४ मा दक्षिणी समाज र पोल्यान्डको गुप्त समाजबिच एउटा सम्झौता भयो। पोल क्रान्तिकारीहरूले रूसीहरूलाई विद्रोहमा साथ दिने र बदलामा विद्रोह सफल भएपछि पोल्यान्डलाई रूसबाट स्वतन्त्र हुन सहयोग गर्नुपर्ने सहमति बन्यो। सन् १८०७ मा नेपोलियनले प्रसियाबाट टुक्र्याएर पुन: स्थापित गरेको पोल्यान्डको राजधानी वार्सासहितको दुईतिहाइ भूभाग सन् १८१९ को भियना सम्मेलनबाट अलेक्सान्दरले रूसी साम्राज्यको अधीनमा ल्याएका थिए।

सन् १८२५ को गर्मी याममा संयोगले युक्रेनी क्षेत्रमा सक्रिय अर्को क्रान्तिकारी समूह 'स्लाभ जातिहरूको संयुक्त सङ्घ' सँग दक्षिणी समाजका नेताहरूको भेटघाट भयो। विद्रोह सफल भएपछि रूसी, युक्रेनी, बेलारूसीलगायत विभिन्न स्लाभ जातिहरूको स्वायत्ततासहितको सङ्घीय देश बनाउने सर्तमा 'स्लाभ जातिहरूको संयुक्त सङ्घ' दक्षिणी सङ्घमा सामेल हुन तयार भयो।

सन् १८२४ मा उत्तरी समाजका नेतृत्वकर्तामध्ये एक कुमार सेर्गेइ त्रुबेत्स्कोइ युक्रेनमा सरुवा भए। उनको ठाउँमा उत्तरी समाजको नेतृत्वमा कोन्द्राती रिलेयेभ नामक एक कवि स्थापित हुँदै थिए। उनी गणतन्त्रवादी थिए। दक्षिणमा रहँदा कुमार सेर्गेइ त्रुबेत्स्कोइ निरन्तर दक्षिणी गुप्त समाजसँग सम्पर्कमा रहे। सन् १८२५ को नोभेम्बरमा उनी राजधानी फर्किनुअघि दुवै समाजको बिचमा एउटा सहमति भइसकेको थियो। सन् १९२६ को मे महिनामा जार दक्षिण रूसको सैनिक निरीक्षणमा आउने खबर थियो। त्यति नै बेला जारको हत्या गरेर विद्रोह सुरु गर्ने; उत्तरी समाजले जारका उत्तराधिकारीहरूलाई गिरफ्तार गर्ने; दक्षिणको सेना मस्को र पिटर्सबर्ग पुगेर सत्ता कब्जा गर्ने; एक अन्तरिम सरकार स्थापना गरेर नयाँ संविधान जारी गर्ने तय भएको थियो।

घटनाक्रमले सोचेभन्दा फरक मोड लियो। विद्रोहको योजना गरिएको ५ महिनाअगावै १८२५ डिसेम्बरमा जार अलेक्सान्दर प्रथमको मृत्यु भयो। जारको मृत्यु र त्यसले निम्त्याएको अलमल विद्रोहीहरूको निम्ति मौका थियो। तर, दूरीका कारण उत्तर र दक्षिणका समाजहरूबिच तत्काल सम्पर्क गर्न सकिने अवस्था थिएन। अन्तत: सेनाले नयाँ जार निकोलस प्रथमको नाममा शपथ लिने भनी तोकिएको डिसेम्बर १४ (२६) का दिन विद्रोह सुरु गर्ने निर्णय 'उत्तरी समाज' ले गर्‍यो। त्यसको जानकारी 'दक्षिणी समाज' मा पुऱ्याउन पठाइएका दूत दुई हप्तापछि दक्षिणको भासिल्कोभ सहर पुग्दासम्म पिटर्सबर्गको विद्रोह असफल भएर दक्षिणका क्रान्तिकारीहरूको नाममा पक्राउ पुर्जी जारी भइसकेको थियो।

# विदेशी दलाल र भारतीय एकाधिकार पुँजीको कारण देशमा आर्थिक समस्या



भक्तपुर, १५ वैशाख । “भारतले नेपालमा रहेको कच्चा सामान एकपछि अर्को कब्जा गरेकै कारण नेपाल गरिब हुँदै गएको हो, देश परनिर्भर हुँदै गएको हो । सरकारको ध्यान देश बनाउन र जोगाउन होइन कमिसन खान, भ्रष्टाचार गर्नमा केन्द्रित छ ।”

उक्त धारणा नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले नेपाल क्रान्तिकारी डकर्मी सङ्घ जिल्ला समिति भक्तपुरद्वारा शनिबार आयोजित ११ औँ डकर्मी भेलामा व्यक्त गर्नुभएको हो ।

डकर्मी र सिकर्मीहरूले आफूसँग भएको कला, सीप, ज्ञान र अनुभव उपयोग गर्दै मौलिक सम्पदा संरक्षण गरिरहनुपर्नेमा जोड दिँदै उहाँले इन्जिनियरहरूसँग पनि राय लिएर काम गरेमा पक्की या भरपर्दो हुने विचार व्यक्त गर्नुभयो ।

विदेशी दलाल र भारतीय एकाधिकार पुँजीले देशका उद्योग, कारखाना र अन्य सम्पदाहरू हातमा लिएर देशमा आर्थिक सङ्कट निम्त्याउने हुँदा त्यस कदमविरुद्ध देशभक्त जनताले सङ्घर्ष गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

नेपालको कच्चा सामान सस्तोमा किनेर महँगोमा सामान बिक्री गर्ने कार्यले नेपालको अर्थतन्त्र कमजोर बन्दै गइरहेको स्पष्ट पार्दै अध्यक्ष बिजुक्छेँले भारतीय हस्तक्षेप, थिचोमिचो र दबाबको विरोध गर्न नसक्ने सरकारले देश बनाउन नसक्ने बताउनुभयो ।

उहाँले भन्नुभयो, “हामी हरेक क्षेत्रमा सफल, सबल, सक्षम हुनुपर्छ । त्यसको लागि विज्ञहरूसँग परामर्श गर्नुपर्छ, नयाँ नयाँ कुरा सिक्दै जानुपर्छ ।”

नेमकिपा नगर समिति भक्तपुरका अध्यक्ष नारायणबहादुर दुवालले पुँजीवादी व्यवस्थामा मजदुरहरूले काम नपाउने स्थितिमा पुऱ्याउन सक्ने हुँदा हरेक पेसामा कार्यरत मजदुरहरू राजनीतिकरूपमा पनि सचेत र सङ्गठित हुनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

पुँजीपतिवर्गको सरकारले श्रमजीवीवर्गको हितमा काम नगर्ने स्पष्ट पार्दै उहाँले मजदुर र किसान या श्रमजीवी वर्गको सरकारले मात्रै योग्यताअनुसारको काम र कामअनुसारको ज्याला पाउने विश्वास व्यक्त गर्नुभयो ।

हाल क्रान्तिको परिस्थिति तयार नभएको हुँदा नेमकिपाले चुनावलाई क्रान्तिकारी उपयोग गरिरहेको चर्चा गर्दै उहाँले कम्युनिस्ट पार्टी र कम्युनिस्ट आन्दोलन दबाउन संरा अमेरिकाले आस्था या विश्वासको आधारमा आक्रमण गरेर आतङ्क मच्चाइरहेको बताउनुभयो ।

आयोजक समितिका अध्यक्ष एवं कार्यक्रमका सभापति विष्णुराम दुमरुले हरेक डकर्मीले आइपर्ने समस्यासँग जुध्दै अगाडि बढ्नुपर्ने आवश्यकता औँल्याउँदै उहाँले सङ्घमार्फत डकर्मीहरूको हितमा काम गरिरहेको प्रकाश पार्नुभयो ।

कार्यक्रममा सिकर्मी सङ्घ भक्तपुरका उपाध्यक्ष रामसुन्दर सुजखूले भारतीय कामदारहरूको प्रवेशले नेपाली मजदुरहरूले काम नपाएको प्रसङ्ग उल्लेख गर्दै सङ्घको उद्देश्य पूरा गर्न सम्बन्धित सबै पक्षको सहयोग र साथ आवश्यक छ भन्नुभयो ।

नेपाल क्रान्तिकारी यातायात मजदुर सङ्घ जिल्ला समिति भक्तपुरका अध्यक्ष राजेश बुयोले नेपाल सरकारले भारतीय गाडी झिकाउनुभन्दा विद्युत्‌बाट चल्ने गाडी प्रयोग गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

सरकार विदेशी दलालबाट प्रभावित भइरहेको उल्लेख गर्दै उहाँले नेपाली युवा र विद्यार्थीहरू विदेशिएर देश वृद्धवृद्धा र बालबालिकाहरूको हुनेतर्फ चिन्ता व्यक्त गर्नुभयो ।

आयोजक समितिका उपाध्यक्ष बिक्रम कासिछ्वाले स्वागत मन्तव्य दिनुभयो भने रमेश दुमरुले कार्यक्रमको औचित्यबारे प्रकाश पार्नुभयो ।

# कृषि पेसालाई हेलाहोचो गर्न नहुने



भक्तपुर, १५ वैशाख । नवज्योति बचत तथा ऋण सहकारी संस्था लि.को २० औँ स्थापना दिवस तथा धिमेबाजा र कौसी खेती प्रवर्द्धनका प्रशिक्षार्थीहरूलाई शनिबार प्रमाणपत्र वितरण भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टी जिल्ला समितिका अध्यक्ष एवम् वाग्मती प्रदेश सांसद सुरेन्द्रराज गोसाईले भक्तपुर पर्यटकीय क्षेत्र भएकोले विभिन्न सीप सिकी जीविका चलाउन सकिने बताउनुभयो ।

विभिन्न प्रकारका बाजा सिकी आर्थिक स्रोत बनाउन सकिने बताउँदै उहाँले इज्जत र प्रतिष्ठामा आँच नआउने गरी काम गर्नुपर्छ भन्नुभयो ।

उहाँले कृषि पेसालाई हेलाहोचा गर्ने प्रवृत्तिले आज नेपाल विदेशनिर्भर हुँदै गएको र विषादीयुक्त खानेकुरा खान नेपालीहरू बाध्य भएको बताउनुभयो ।

सहकारीलाई फाइदा र बेफाइदाको दृष्टिकोणले मात्र हेर्न नहुने बताउँदै उहाँले एमाले, काङ्ग्रेस, एमाओवादीलगायत सरकारमा जाने राजनैतिक दलहरू भ्रष्टाचारमा डुबिरहेको सम्बन्धमा चर्चा गर्नुभयो ।

सरकारले उद्योगहरू सञ्चालन गरी देश र जनताको सेवा गर्नुपर्नेमा निजीकरण गरेर उद्योगहरू विदेशीको हातमा दिने चलखेल गरिरहेको उल्लेख गर्दै उहाँले भारतीय एकाधिकार पुँजी र अमेरिकी साम्राज्यवाद नेपाललाई तहसनस गर्न खोज्दै छन् भन्नुभयो ।

सहकारीले शिक्षा, स्वास्थ्य क्षेत्रमा ध्यान दिनुपर्ने बताउँदै उहाँले सहकारी संस्था धरापमा पर्नुको मुख्य कारण सञ्चालकहरू रहेकाले सदस्य बन्नुअघि संस्थाको सञ्चालक र संस्थाबारेमा जानकारी राख्नुपर्छ भन्नुभयो ।

भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी सङ्घ लि. का अध्यक्ष कृष्णगोविन्द लाखाजुले सहकारीको सात सिद्धान्तबारे सदस्यहरूले जानकारी राख्नुपर्ने आवश्यकता औँल्याउनुभयो । स्वैच्छिक र खुला सदस्यताको सिद्धान्तविपरीत कार्यक्षेत्रभन्दा बाहिरका सदस्य भएको संस्था बिस्तारै धरापमा पर्न गएको स्पष्ट पार्दै उहाँले राजनैतिक ढाकछोपले सहकारी बिगार्नेहरू कारबाहीमा नपरेको बताउनुभयो ।

ओरेन्टल, सुमेरु, सिभिल, शिवशिखरजस्ता ठुलठुला सहकारीहरू बिग्रनुमा ती संस्थाका सञ्चालकहरूको गलत मनसाय रहेको बताउनुभयो ।

स्वायत्तता र स्वतन्त्रता, सहकारी शिक्षा र तालिम, सहकारीबिच समन्वयजस्ता सिद्धान्तमा अडिग संस्थामात्र समस्यामा नआएको बताउँदै उहाँले ५० करोड पुँजी भएका सहकारीलाई नेपाल राष्ट्र बैङ्कले नियमन गर्न खोज्नु सहकारीको मर्मविपरीत हुनेछ भन्नुभयो ।

संस्थाका अध्यक्ष काजीबहादुर पञ्चले संस्थाको समिति र उपसमितिका पदाधिकारीले इमानदारीपूर्वक आफ्नो कर्तव्य निर्वाह गरेमा सहकारीको उत्तरोत्तर प्रगति गर्न सहज हुन्छ भन्नुभयो ।

उक्त कार्यक्रममा लेख सुपरिवेक्षण समितिका संयोजक दुर्गानाथ न्हेमाफुकी, व्यवस्थापक रामभक्त खर्बुजा, कृषि उपसमितिका संयोजक सुरेन्द्र न्हेमाफुकी र सांस्कृतिक उपसमितिका संयोजक सुमित माकजु तथा संस्थाका सचिव शिवबहादुर खुलिमुलीले पनि बोल्नुभएको थियो ।

धिमेबाजा प्रशिक्षण लिने २४ जना प्रशिक्षार्थी तथा कौसीखेती प्रवर्द्धनका ३० जना प्रशिक्षार्थीलाई कदरपत्र, मायाको चिनो र प्रमाणपत्र वितरण भएको थियो ।

***सहर...***

सांसद सुवालले नेपाली काङ्ग्रेसले कोसी, गण्डक भारतलाई बेचेर देशघात गरेको उल्लेख गर्दै आफूलाई कम्युनिस्ट दाबी गर्ने एमालेले नेकासँग मिलेर महाकाली नदी भारतलाई दिएको बताउनुभयो ।

उहाँले शासक दलका नेताहरूसँग देश विकासको खाका नभएको कारण काठमाडौँ उपत्यकामा धुलो, धुवाँ, जाम बढेर गाउँहरू खाली भएको उल्लेख गर्दै देशको सन्तुलित विकास गर्न सबै जिल्लामा काठमाडौँको सेवा सुविधा पुऱ्याउनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

नेपाल मजदुर किसान पार्टी सूर्यविनायक नगर समितिका अध्यक्ष सूर्यभक्त त्वातीले नेमकिपा स्थापना भएको ५० वर्ष पुग्दा पनि समाजवाद नआएको भनी युवाहरू निराश हुन नहुने उल्लेख गर्दै राष्ट्रिय र अन्तर्राष्ट्रिय परिस्थिति तयार भएपछि समाजवाद अवश्यम्भावी रहेको उल्लेख गर्नुभयो ।

उहाँले युवाहरू टोलटोलमा गएर समाजवादी विचारको प्रचार गर्दै जनतालाई सचेत पार्ने काममा लाग्न पनि आग्रह गर्नुभयो ।

नेपाल क्रान्तिकारी युवा सङ्घका अध्यक्ष मिनबहादुर बाटाले युरोपको धर्मसुधार आन्दोलनपछिको औद्योगिक विकासले समाजवादी विचारको पनि उदय भएको उल्लेख गर्दै युवाहरू समाजवादी क्रान्तिको निम्ति तयार रहनुपर्ने बताउनुभयो ।

नेपाल क्रान्तिकारी युवा सङ्घ सूर्यविनायक तेस्रो नगर सम्मेलन तयारी समितिका संयोजक रोशन मचामसीको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा सुरेश बखुन्छेँ, लक्ष्मीप्रसाद सुवाल, विष्णुप्रसाद सुवालले पुस्तकबारे आ-आफ्नो विचार प्रस्तुत गर्नुभयो । नेपाल क्रान्तिकारी युवा सङ्घ सूर्यविनायक नगर समितिको तेस्रो नगर सम्मेलन यही वैशाख २२ गते हुनेछ ।

हावाहुरीबाट जोगिने उपायहरु

> घरको संरचना बलियो बनाऔं,
> हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
> छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
> छतका गमला सुरक्षित रुपमा राखौं,
> जस्तापातालगायतका वस्तुहरु खुला र जथाभावी नछोडौं,
> हावाहुरी चलेमा भागदौंड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
> सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउको छोपी घोप्टो परौं,
> हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं।

हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

***पुँजीवादले...***

मजदुरहरूको समस्या समाधान गर्न नसक्ने बताउँदै संयोजक गोसाईंले जीवनको हरेक पक्षमा देखिएका समस्या समाधानको लागि वर्गसङ्घर्षलाई अगाडि बढाउनु क्रान्तिकारी ट्रेड युनियनवाद हो भन्नुभयो ।

विगतमा नेपालका कारखानामा उत्पादन भएका सामानहरू यूरोपसम्म निर्यात हुने गरेको स्पष्ट पार्दै संयोजक गोसाईंले भारतीय शासकवर्गको दबाबमा सरकारी उद्योगहरू निजीकरण गरेको बताउनुभयो । नेपाली युवाहरू सबैलाई विदेशमा धपाएर शासकहरूले नेपाललाई अधोगतिमा लगेको बताउदै संयोजक गोसाईंले भन्नुभयो, रेमिन्ट्यान्सबाट देश चल्न सक्दैन ।

नेमकिपाका केन्द्रीय सदस्य नर्मा गुरुङले मजदुर आन्दोलनले नै कामदार महिलाहरूलाई सशक्त र सक्षम बनाउँछ भन्नुभयो ।

नेमकिपा सुर्खेतका अध्यक्ष हरिबहादुर बोहराको सभापतित्वमा सम्पन्न कार्यक्रममा केन्द्रीय सदस्य हरिसुन्दर वासी, लालबहादुर थापा, कविराम खड्का, निरकबहादुर शाही, पुष्पराज राना, गोविन्दनाथ योगी, तुल्सी खड्का, अक्कलबहादुर राना, प्रेम थापा, शेरबहादुर शाही, चेतन पौडेल, टीकाप्रसाद पोखेल, विजुकला राना, अङ्गबहादुर शाहीलगायतले पार्टीका विभिन्न प्रकाशनबारे टिप्पणी गर्नुभयो ।

भक्तपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ब्यासी-२, भक्तपुर

गुँला बाजा प्रतियोगितासम्बन्धी सूचना

सांस्कृतिक विधाहरूको संरक्षण सम्वर्द्धन गर्नुका साथै नागरिकहरूमा रहेको सीप उजागर गर्न भक्तपुर नगरपालिकाको आयोजनामा खुला गुँला बाजा प्रतियोगिता मिति २०८१ वैशाख २२ गते, शनिबार निम्न समय र स्थानबाट ग्याली सुरु हुने र निम्न समय र स्थानमा स्थलगत मूल्याङ्कन हुने भएको हुँदा सहभागी सांस्कृतिक समूहहरू तथा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

सांस्कृतिक ग्याली
सुरु हुने स्थान: टौमढी, भ.न.पा. ५
समय: बिहान १०:०० बजे

स्थलगत मूल्याङ्कन
स्थान: भार्वाचो, भ.न.पा. १
समय : बिहान १०:३० बजे

प्रकाशक तथा कार्यकारी सम्पादक : उद्धव सुजखु★सम्पादक : विष्णुगोपाल कुसी★कार्यालय : कमलविनायक, भक्तपुर★फोन नं. ६६१०९२१, विज्ञापन शाखा - ६६१९१०७/६६२०५५९ फ्याक्स : ६६१३२०७★E-mail: majdurdaily@gmail.com★मुद्रक : सिद्धिगणेश अफसेट प्रेस, चोर्चा